# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८०/८१)




नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

फागुन २०८१

# भूमिका

नेपाल राष्ट्र बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा नियमित अध्ययन गरी नीति निर्माण गर्ने कार्य गर्दछ। बैंकले नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रबाट आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना एवं तथ्याङ्क संकलन गरी सोको प्रशोधन तथा विश्लेषण गरी अध्ययन कार्य गर्ने गरेको छ। वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको विश्लेषणमार्फत् मौद्रिक एवं वित्तीय नीतिको तर्जुमा, कार्यान्वयन र समीक्षा गर्नुपर्ने भएकाले बैंकले आर्थिक अनुसन्धान विभाग तथा प्रदेशस्थित कार्यालयहरुमार्फत् वार्षिक तथा अर्धवार्षिक रुपमा आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दै आएको छ। यथासमयमै प्राप्त भएका विश्वसनीय तथ्याङ्क तथा सूचना नै आर्थिक गतिविधि विश्लेषण तथा प्रक्षेपणका मूल आधार हुने गरेको छ। अध्ययनको क्रममा प्राप्त तथ्याङ्क तथा सूचनाको माध्यमबाट अर्थतन्त्रका विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत् सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न सहयोग पुग्ने हुँदा नेपाल राष्ट्र बैंकले प्रकाशन गर्दै आएको यो प्रतिवेदनको उल्लेख्य भुमिका रहँदै आएको छ।

संघीय संरचना कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुप परिवर्तन भई तीन तहको सरकार रहने संवैधानिक व्यवस्थाबमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन गर्ने गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) मा व्यवस्था भएबमोजिम नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र विभिन्न स्रोतबाट संकलन गरिएको द्वितीय तथ्याङ्कका आधारमा देशका सम्पूर्ण जिल्ला समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। एकीकृत प्रतिवेदन प्रकाशन गर्नु पूर्वनै प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउने सरकारी कार्यालयहरु, निजी क्षेत्रका संस्थाहरु तथा तथ्याङ्क संकलन गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु। यस प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने निर्देशकद्वय श्री बुद्ध राज शर्मा र श्री नारायण प्रसाद पोखेललाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकद्वय श्री सजना शिल्पकार र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री सविन थापा, श्री निरज घिमिरे, श्री रोशन सेढाई, श्री कुशल ढकाल, श्री शिखा पोखेल र श्री रामकृष्ण आचार्य तथा कम्प्यूटर अधिकृत श्री राम कुमार थापालाई धन्यवाद दिन चाहन्छु।

**डा. गुणाकर भट्ट**
कार्यकारी निर्देशक
आर्थिक अनुसन्धान विभाग

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| सारांश | | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २ :** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | | ३ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | | ६–१६ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ७ |
| | ३.३ | पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ | सिँचाइ | ११ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १२ |
| | ३.६ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | | १७–२४ |
| | ४.१ | उद्योगको विवरण | १७ |
| | ४.२ | उद्योगको क्षमता उपयोग र उत्पादन | १८ |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | १९ |
| | ४.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २० |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | | २५–३५ |
| | ५.१ | पर्यटन | २५ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| | ५.३ | वित्तीय क्षेत्र | २६ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | २८ |
| | ५.५ | यातायात तथा सञ्चार | २९ |
| | ५.६ | विपन्न वर्ग कर्जा | २९ |
| | ५.७ | सहकारी क्षेत्र | ३० |
| | ५.८ | शिक्षा क्षेत्र | ३१ |
| | ५.९ | स्वास्थ्य क्षेत्र | ३१ |
| | ५.१० | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३१ |
| **परिच्छेद ६ :** | **पूर्वाधार क्षेत्र** | | ३६–४० |
| | ६.१ | पूर्वाधार स्थिति | ३६ |
| | ६.२ | राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति | ३७ |
| | ६.३ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३७ |
| **परिच्छेद ७ :** | **वाह्य क्षेत्र र रोजगारी** | | ४१–४६ |
| | ७.१ | वैदेशिक व्यापार | ४१ |
| | ७.२ | रोजगारी | ४४ |
| | ७.३ | बाह्य क्षेत्र र रोजगारीका सन्बन्धमा रहेका चुनौती र सम्भावना | ४६ |
| **परिच्छेद ८ :** | **संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना** | | ४७–५६ |
| | ८.१ | संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति | ४७ |
| | ८.२ | आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण | ४८ |
| | ८.३ | नेपालको सार्वजनिक ऋणको अवस्था | ५४ |
| | ८.४ | अन्य कार्यक्रमको कार्यान्वयन | ५५ |
| **परिच्छेद ९ :** | **आर्थिक परिदृष्य** | | ५७ |

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | विश्वको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.२ | जी ७ देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति | ३ |
| तालिका २.३ | नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.४ | दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.५ | विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित) | ४ |
| तालिका २.६ | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित) | ५ |
| तालिका ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२ | धान बालीको उत्पादन | ८ |
| तालिका ३.३ | कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.४ | प्रमुख पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | १० |
| तालिका ३.५ | सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा | १२ |
| तालिका ३.६ | कृषि क्षेत्रको प्रदेशगत चुनौती | १३ |
| तालिका ३.७ | कृषि क्षेत्रको प्रदेशगत सम्भावना | १४ |
| तालिका ४.१ | आ.व. २०८०/८१ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण | १७ |
| तालिका ४.२ | उद्योग दर्ताको प्रदेशगत विवरण | १७ |
| तालिका ४.३ | प्रदेशगत औद्योगिक क्षेत्र कर्जा | २० |
| तालिका ४.४ | उद्योग क्षेत्रका प्रदेशगत चुनौती | २१ |
| तालिका ४.५ | उद्योग क्षेत्रका प्रदेशगत सम्भावना | २२ |
| तालिका ५.१ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २६ |
| तालिका ५.२ | प्रदेशगत सेवा क्षेत्र कर्जा | २८ |
| तालिका ५.३ | सवारी साधन दर्ताको प्रदेशगत विवरण | २९ |
| तालिका ५.४ | सेवा क्षेत्रका प्रदेशगत चुनौती | ३१ |
| तालिका ५.५ | सेवा क्षेत्रका प्रदेशगत सम्भावना | ३३ |
| तालिका ६.१ | सडकको हालसम्मको प्रगति विवरण | ३६ |
| तालिका ६.२ | पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती | ३८ |
| तालिका ६.३ | पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना | ३९ |
| तालिका ७.१ | आर्थिक वर्ष २०८०/२०८१ मा नेपालको आयात निर्यात स्थिति | ४१ |
| तालिका ७.२ | आर्थिक वर्ष २०८०/२०८१ को आयात र निर्यातको संरचना | ४२ |
| तालिका ७.३ | कृषिजन्य वस्तु आयात निर्यातको अवस्था | ४२ |
| तालिका ७.४ | भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति | ४३ |
| तालिका ७.५ | भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु | ४४ |

| | | |
|---|---|---|
| तालिका ७.६ | २०८१ असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी विवरण | ४४ |
| तालिका ७.७ | आर्थिक वर्ष २०८०/८१ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण | ४५ |
| तालिका ७.८ | दक्षताको आधारमा आ.व. २०८०/८१ मा जारी श्रम स्वीकृति संख्या | ४५ |
| तालिका ८.१ | आर्थिक वर्ष २०८०/८१ को संघीय बजेटको वार्षिक प्रगति विवरण | ४७ |
| तालिका ८.२ | आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको स्रोत र खर्चको विवरण | ४७ |
| तालिका ८.३ | आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत बजेटको विवरण | ४८ |
| तालिका ८.४ | आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत बजेटको संक्षिप्त विवरण | ४९ |
| तालिका ८.५ | नेपालको सार्वजनिक ऋणको अवस्था | ५५ |
| तालिका ८.६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लक्ष्य तथा कार्यान्वयन अवस्था | ५६ |

| चार्टहरुको सूची | | |
|---|---|---|
| **चार्ट नं.** | **शीर्षक** | **पेज नं.** |



| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख खाद्यान्न बालीले ढाकेको भू-क्षेत्र | ६ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन | ८ |
| चार्ट ३.३ | प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा | ११ |
| चार्ट ३.४ | सिँचाइ क्षेत्रफलमा भएको विस्तार | ११ |
| चार्ट ३.५ | कृषि कर्जाको प्रदेशगत हिस्सा | १२ |
| चार्ट ४.१ | प्रमुख उद्योगको क्षमता उपयोग | १८ |
| चार्ट ४.२ | प्रदेशगत क्षमता उपयोग | १९ |
| चार्ट ४.३ | औद्योगिक कर्जा लगानी स्थिति | १९ |
| चार्ट ४.४ | औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा | २० |
| चार्ट ५.१ | पर्यटक आगमन संख्या | २५ |
| चार्ट ५.२ | घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा | २६ |
| चार्ट ५.३ | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २७ |
| चार्ट ५.४ | निक्षेप तथा कर्जा स्थिति | २७ |
| चार्ट ५.५ | प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात | २८ |
| चार्ट ५.६ | प्रदेशगत विपन्न कर्जाको हिस्सा | ३० |
| चार्ट ५.७ | नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण | ३० |
| चार्ट ८.१ | प्रदेशको एकीकृत बजेटको वार्षिक प्रवृति | ४८ |
| चार्ट ८.२ | नेपालको सार्वजनिक ऋण-कुल गार्हस्थ्य उत्पादन अनुपात | ५५ |

# सारांश

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२३ मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.३ प्रतिशत रहेको थियो । सन् २०२४ मा यस्तो वृद्धिदर ३.२ प्रतिशत रहेको अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ ।

२. सन् २०२४ मा भारतको आर्थिक वृद्धिदर ७.० प्रतिशत र चीनको आर्थिक वृद्धिदर ४.८ प्रतिशत रहेको अनुमान छ ।

## कृषि

३. समीक्षा वर्षमा प्रमुख कृषि बालीको उत्पादन २.४ प्रतिशतले बढेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने १.१ प्रतिशतले घटेको छ ।

४. समीक्षा वर्षमा तरकारी उत्पादन ३.२ प्रतिशतले र फलफूल उत्पादन ११.८ प्रतिशतले बढेको छ । सोही समयमा मसलाको उत्पादन भने ३.५ प्रतिशतले घटेको छ ।

५. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ३.२ प्रतिशतले बढेको छ । मासु उत्पादन ०.५ प्रतिशत र अण्डा उत्पादन ३.१ प्रतिशतले घटेको छ । वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन १६.६ प्रतिशतले बढ्दा दाउरा उत्पादन २०.४ प्रतिशतले र औषधिजन्य वस्तुको उत्पादन ३३.६ प्रतिशतले घटेको छ ।

## उद्योग

६. समीक्षा वर्षमा उद्योगको औसत क्षमता उपयोग ४८.३ प्रतिशत रहेको छ ।

७. २०८१ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्र कर्जाको अंश २९.४ प्रतिशत रहेको छ ।

## सेवा

८. सन् २०२४ मा नेपाल आगमन गर्ने पर्यटन संख्या १३.०७ प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ५ सय ६७ जना पुगेको छ । समीक्षा वर्षको अन्तसम्ममा पर्यटक स्तरीय होटल तथा रिसोर्टको संख्या २७६ र शैयाहरुको संख्या २० हजार १ सय ९२ रहेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्यामा २४.३७ प्रतिशतले ह्रास आएको कारण रजिष्ट्रेशनमार्फत प्राप्त हुने राजस्वमा ७.४१ प्रतिशतले ह्रास आएको र घर भवन स्थायी नक्शा पास संख्यामा ११.६ प्रतिशतले ह्रास आएको छ ।

१०. २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १२.४ प्रतिशतले र कर्जा प्रवाह ५.९ प्रतिशतले वृद्धि भएको छ । २०८१ असार मसान्तमा औसत कर्जा-निक्षेप अनुपात ७९.६ प्रतिशत रहेको छ ।

११. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप तथा कर्जामा बागमती प्रदेशको अंश उच्च रहेको छ । कुल निक्षेपमा यस प्रदेशको अंश ६६.७२ प्रतिशत र कुल कर्जामा ५७.८० प्रतिशत रहेको छ ।

१२. समीक्षा वर्षमा यातायात साधनको संख्यामा १५.० प्रतिशतले ह्रास आएको छ ।

## पूर्वाधार

१३. २०८१ असार मसान्तसम्ममा १८ हजार ८ सय ८ कि.मी. कालोपत्रे सडक, ८ हजार ८ सय ४४ कि.मी. ग्राभेल स्तरको सडक र ९ हजार २ सय १० कि.मी. कच्ची सडक गरी कुल ३६ हजार ८ सय ६२ कि.मी. सडक निर्माण भएको छ ।

## बाह्य क्षेत्र र रोजगारी

१४. आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यातमा ३.० प्रतिशतले कमी आई रु.१ खर्ब ५२ अर्ब ३८ करोड पुगेको छ भने कुल वस्तु आयातमा १.२ प्रतिशतले कमी आई रु.१५ खर्ब ९२ अर्ब ९८ करोड पुगेको छ ।

१५. वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०८०/८१ मा पुनः श्रम स्वीकृति समेत जारी गरिएको कुल ७ लाख ४१ हजार २ सय ७९ श्रम स्वीकृतिमध्ये मधेश प्रदेशबाट सबैभन्दा बढी १ लाख ७२ हजार ८ सय ६१ जना रहेका छन् भने कर्णाली प्रदेशबाट सबै भन्दा कम २४ हजार १ सय ७५ जना रहेका छन् ।

## संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

१६. आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारले कुल रु.१७ खर्ब ५१ अर्ब ३१ करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु.१५ खर्ब ३० अर्ब २६ करोड कायम गरेको थियो । उक्त बजेटमध्ये आर्थिक वर्ष २०८०/८१ को अन्तसम्ममा रु.१४ खर्ब ८ अर्ब २ करोड (९२.०१ प्रतिशत) खर्च भएको छ ।

१७. आर्थिक वर्ष २०८०/८१ मा कुल प्रादेशिक बजेट रु.२ खर्ब ७९ अर्ब विनियोजन भएकोमा विनियोजित रकमको ६६.२ प्रतिशत (रु.१ खर्ब ८५ अर्ब) खर्च भएको छ । कुल प्रादेशिक बजेटमध्ये चालु खर्च ७७.७१ प्रतिशत र पूँजीगत खर्च ७०.२८ प्रतिशत खर्च भएको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

आर्थिक स्थायित्व र अर्थतन्त्रको दीगो विकासको निमित्त मूल्य तथा शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक एवम् विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने, वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने र सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने यस बैंकका उद्देश्यहरु रहेका छन्। बैंकले मुलुकको आर्थिक गतिविधिसम्बन्धी अध्ययन गरी सोहीबमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ। बैंकले यस्ता अध्ययनमार्फत् सरोकारवालाहरुलाई नीति निर्माण र आर्थिक निर्णयहरु गर्न समेत सहयोग पुऱ्याउँदै आएको छ।

यस बैंकले वि.सं. २०२५ देखि उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा रहेको सम्वाददाता फाँटमार्फत् स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा संकलन गरी अध्ययन गर्ने गरेकोमा वि.सं. २०३२ मा कार्य निर्देशिका जारी गरी उक्त फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरी आर्थिक गतिविधि सम्बन्धी अध्ययन गर्न सुरु गरेको हो। यसै सिलसिलामा वि.सं. २०४९ देखि उपत्यका बाहिरका कार्यालयहरुमा बैंकिङ्ग विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीयस्तरमा तथा आर्थिक विकास महाशाखा मार्फत् काठमाडौं उपत्यका एवं आसपासका क्षेत्रमा आर्थिक गतिविधिको अध्ययन कार्य नियमित रुपमा हुँदै आएको थियो।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएकोमा आर्थिक वर्ष २०७०/७१ देखि थप ६ वटा, आर्थिक वर्ष २०७३/७४ देखि थप १० जिल्ला तथा मुलुक संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ।

यस प्रतिवेदनले आर्थिक वर्ष २०८०/८१ मा भएका आर्थिक गतिविधिहरुलाई समेटेको छ। खासगरी यस प्रतिवेदनले कृषि, उद्योग, सेवा, पूर्वाधार र रोजगारी क्षेत्रमा भएको परिवर्तनलाई प्रस्तुत गरेको छ। यस प्रतिवेदनले संघीय र प्रादेशिक वित्त स्थितिलाई समेत समेटेको छ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवं तथ्याङ्कको उपयोग विस्तार गर्ने रहेको छ। साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ। कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं मातहतका निर्देशनालय, कृषि ज्ञान

केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुबाट संकलन गरिएको छ ।

यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ । स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ ।

तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट, EMAP तथा टेलिफोनलगायत अन्य विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रम लगायतका केही तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ । समीक्षा वर्ष, गत वर्ष र दुई वर्ष अघिको तथ्याङ्क संकलन गरी समीक्षा वर्ष र गत वर्षको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

प्रत्येक जिल्लाबाट तथ्याङ्क संकलन गरी एकीकृत गरिएकोले कृषि उत्पादन, सिँचाई, पूर्वाधार लगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन् । देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य एवं सञ्चार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यससम्वन्धी तथ्याङ्क पूर्ण रुपमा संकलन गर्न कठिनाई रहेको स्थिति छ । कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थिति प्राप्त गर्न कठिनाई हुनेगरेको स्थिति छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्र तथा रोजगारीसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा संघीय एवं प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद-९ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२३ मा ३.३ प्रतिशत रहेको विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सन् २०२४ मा ३.२ प्रतिशत रहने प्रक्षेपण रहेको छ (तालिका २.१)।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| अर्थतन्त्र | २०२३ | २०२४[प्र] |
|---|---|---|
| विश्व अर्थतन्त्र | ३.३ | ३.२ |
| विकसित अर्थतन्त्र | १.७ | १.८ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.४ | ४.२ |
| उदीयमान तथा विकासशील एशिया | ५.७ | ५.३ |
| उदीयमान तथा विकासशील युरोप | ३.३ | ३.२ |
| मध्यपूर्व तथा मध्य एसिया | २.१ | २.४ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ४.१ | ४.० |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२४ अक्टोबर*

सन् २०२३ को तुलनामा सन् २०२४ मा अमेरिका तथा जापानको आर्थिक वृद्धिदरमा केही कमी भएतापनि अधिकांश जी ७ देशहरुको आर्थिक वृद्धिदर बढने तथा बेरोजगारीदरमा सामान्य वृद्धि हुने प्रक्षेपण रहेको छ (तालिका २.२) ।

**तालिका २.२ : जी ७ देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति** (प्रतिशतमा)

| मुलुक | आर्थिक वृद्धिदर | | बेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२३ | २०२४[प्र] | २०२३ | २०२४[प्र] |
| क्यानडा | १.२ | १.३ | ५.४ | ६.२ |
| फ्रान्स | १.१ | १.१ | ७.४ | ७.४ |
| जर्मनी | -०.३ | ०.० | ३.० | ३.४ |
| इटाली | ०.७ | ०.७ | ७.७ | ७.० |
| जापान | १.७ | ०.३ | २.६ | २.५ |
| बेलायत | ०.३ | १.१ | ४.० | ४.३ |
| अमेरिका | २.९ | २.८ | ३.६ | ४.१ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२४ अक्टोबर*

सन् २०२३ को तुलनामा सन् २०२४ मा नेपालीको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरुमध्ये जापान र ओमन वाहेक अन्य मुलुकहरुको आर्थिक वृद्धि बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ (तालिका २.३) ।

**तालिका २.३ : नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२३ | २०२४प्र |
| बहराईन | ३.० | ३.० |
| जापान | १.७ | ०.३ |
| कुवेत | -३.६ | -२.७ |
| मलेसिया | ३.६ | ४.८ |
| ओमान | १.३ | १.० |
| कतार | १.२ | १.५ |
| साउदी अरेबिया | -०.८ | १.५ |
| दक्षिण कोरिया | १.४ | २.५ |
| यूएई | ३.६ | ४.० |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२४ अक्टोबर*

सन् २०२३ मा दक्षिण एसियाली मुलुकहरुमध्ये बंगलादेश र भारतको आर्थिक वृद्धिदर बढेको र अन्य छिमेकी मुलुकको आर्थिक वृद्धिदर घटेको छ। सन् २०२४ मा बंगलादेश र भारतको आर्थिक वृद्धिदर घट्ने र अन्य देशको बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ (तालिका २.४)।

**तालिका २.४ : दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| मुलुक | २०२३ | २०२४प्र |
|---|---|---|
| बंगलादेश | ५.८ | ५.४ |
| भुटान | ५.० | ५.२ |
| भारत | ८.२ | ७.० |
| माल्दिभ्स | ४.० | ४.७ |
| नेपाल | २.० | ३.१ |
| पाकिस्तान | -०.२ | २.४ |
| चीन | ५.२ | ४.८ |

*स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२४ अक्टोबर,*

## २.२ मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२४ मा न्यून आय भएका विकासशील अर्थतन्त्र वाहेक विश्वका अधिकांश अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२३ को तुलनामा कम रहने प्रक्षेपण रहेको छ। कोषका अनुसार सन् २०२३ मा ६.७ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२४ मा ५.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ (तालिका २.६)।

**तालिका २.५ : विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित) (प्रतिशतमा)**

| अर्थतन्त्र | २०२३ | २०२४प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ६.७ | ५.८ |
| विकसित अर्थतन्त्र | ४.६ | २.६ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ८.१ | ७.९ |
| उदीयमान तथा विकासशील एशिया | २.४ | २.१ |
| उदीयमान तथा विकासशील युरोप | १७.१ | १६.९ |
| मध्यपूर्व तथा मध्य एशिया | १५.६ | १४.६ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | १७.४ | १८.१ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२४ अक्टोबर*

सन् २०२३ को तुलनामा सन् २०२४ मा भारतको उपभोक्ता मुद्रास्फीतिदर घट्ने र चीनको उपभोक्ता मुद्रास्फीतिदर बढ्ने प्रक्षेपण गरिएको छ। सन् २०२३ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीति क्रमशः ५.४ प्रतिशत र ०.२ प्रतिशत रहेकोमा सन् २०२४ मा ४.४ प्रतिशत र ०.४ प्रतिशत रहने प्रक्षेपण गरिएको छ (तालिका २.७)। सन् २०२४ मा दक्षिण एसियाली मुलुकहरुमध्ये पाकिस्तानको मुद्रास्फीति सबैभन्दा बढी र माल्दिभ्सको मुद्रास्फीति सबैभन्दा कम रहेको देखिएको छ। सन् २०२३ मा नेपालको मुद्रास्फीति भारतको भन्दा बढी रहन गएको छ।

**तालिका २.६ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित) (प्रतिशतमा)**

| मुलुक | २०२३ | २०२४[प्र] |
|---|---|---|
| बंगलादेश | ९.० | ९.७ |
| भुटान | ४.६ | ४.६ |
| भारत | ५.४ | ४.४ |
| माल्दिभ्स | २.६ | १.५ |
| नेपाल | ७.८ | ५.६ |
| पाकिस्तान | २९.२ | २३.४ |
| चीन | ०.२ | ०.४ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष २०२४, नेपाल राष्ट्र बैंक, २०८१*


# परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८०/८१ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल १.१ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल १.२ प्रतिशतले घटेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल १.३ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल १.५ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा गहुँ बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशतले बढेको छ भने धान बालीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशत, मकै बालीले ढाकेको क्षेत्रफल ४.३ प्रतिशत, कोदो बालीले ढाकेको क्षेत्रफल ७.८ प्रतिशत, जौ बालीले ढाकेको क्षेत्रफल १३.३ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल २५.१ प्रतिशतले घटेको छ। गत वर्ष मकै बालीले ढाकेको क्षेत्रफल १.९ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशत, कोदो बालीले ढाकेको क्षेत्रफल ३.२ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल ६.७ प्रतिशतले बढेको थियो भने धान बालीले ढाकेको क्षेत्रफल २.० प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै २९.८ प्रतिशत रहेको छ। प्रमुख खाद्य बालीमध्ये मकै बालीको क्षेत्रफल १९.८ प्रतिशत, गहुँ बालीको क्षेत्रफल १४.८ प्रतिशत, कोदो बालीको क्षेत्रफल ५.३ प्रतिशत र जौ बालीको भू-क्षेत्र ०.४ प्रतिशत रहेको छ (चार्ट ३.१)। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क) मा दिइएको छ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीले ढाकेको भू-क्षेत्र (लाख हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल १.९ प्रतिशतले र बागवानीले ढाकेको क्षेत्रफल ४.४ प्रतिशतले बढेको छ। गत वर्ष तरकारी बालीले ढाकेको क्षेत्रफल ३.४ प्रतिशतले बढेको थियो भने बागवानीले ढाकेको क्षेत्रफल ९.५ प्रतिशतले बढेको थियो।

**फलफूल :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ३.२ प्रतिशतले घटेको छ। गत वर्ष फलफूल बालीले ढाकेको क्षेत्रफल १.४ प्रतिशतले बढेको थियो।

**मसला :** समीक्षा वर्षमा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशतले घटेको छ। गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल ६.१ प्रतिशतले घटेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा मधेश, बागमती र कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ भने कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ। तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा बढेको छ भने मधेस र सुदूरपश्चिम प्रदेशमा घटेको छ। समीक्षा वर्षमा लुम्बिनी र सुदूरपश्चिम प्रदेश बाहेक अरु सबै प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल घटेको छ। त्यसैगरी, समीक्षा वर्षमा मधेश र सुदुरपश्चिम प्रदेश बाहेक अन्य सबै प्रदेशमा मसला बालीले ढाकेको क्षेत्रफलमा कमी आएको छ। धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२६.६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.९ प्रतिशत) रहेको छ (अनुसूचीको तालिका १(ख)) ।

**तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी | ९१४५६५.० | ५३१३५.३ | २९८२१.८ | २७४४९.७ | २१.६ | १६.४ | १६.६ | ३२.९ |
| मधेश | ८६८३९०.८ | ९७१५१.० | ६३४१४.० | १५७९०.० | २०.६ | ३०.० | ३५.२ | १८.९ |
| बागमती | ५६८४७३.९ | ५६८६८.० | १६३१३.० | ६९१८.६ | १३.५ | १७.६ | ९.१ | ८.३ |
| गण्डकी | ३९०९५१.४ | २४३३२.६ | १५१२६.८ | ६७९२.८ | ९.३ | ७.५ | ८.४ | ८.१ |
| लुम्बिनी | ७७९४२८.२ | ४४४८४.० | २६५५१.० | १२६६३.० | १८.४ | १३.८ | १४.८ | १५.२ |
| कर्णाली | २८०२४९.६ | २४००६.० | १६९४१.० | ५५२८.० | ६.६ | ७.४ | ९.४ | ६.६ |
| सुदूरपश्चिम | ४२२५३६.४ | २३३९२.० | ११७७०.८ | ८३०२.० | १०.० | ७.२ | ६.५ | ९.९ |
| **जम्मा** | **४२२४५९५.३** | **३२३३६८.८** | **१७९९३८.४** | **८३४४४.१** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.६ प्रतिशत रहेको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३०.० प्रतिशत र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ७.२ प्रतिशत रहेको छ। फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३५.२ प्रतिशत र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ६.५ प्रतिशत रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी ३२.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.६ प्रतिशत रहेको छ (तालिका ३.१) ।


## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन २.४ प्रतिशतले बढेको छ। गत वर्ष यस्ता बालीको उत्पादन २.० प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १.७ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन ०.३ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा धान बालीको उत्पादन ४.३ प्रतिशतले, गहुँ र कोदो बालीको उत्पादन २.७ प्रतिशतले बढेको छ भने मकै बालीको उत्पादन ३.२ प्रतिशतले, जौ बालीको उत्पादन ६.३ प्रतिशत र फापर बालीको उत्पादन १८.२ प्रतिशतले घटेको छ। गत वर्ष धान बालीको

उत्पादन ६.९ प्रतिशतले, मकै बालीको उत्पादन ३.४ प्रतिशतले, गहुँ बालीको उत्पादन १.२ प्रतिशतले, कोदो बालीको उत्पादन ५.९ प्रतिशतले, जौ बालीको उत्पादन १३.९ प्रतिशतले र फापर बालीको उत्पादन ५.८ प्रतिशतले बढेको थियो। समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी २३.३ प्रतिशत रहेको छ। यसैगरी मकै र गहुँ बालीको उत्पादनको हिस्सा समग्र कृषि उत्पादनमा क्रमशः १२.६ र ८.८ प्रतिशत रहेको छ (अनुसूची तालिका २(क))।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (लाख मे. टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

## धान बालीको उत्पादनको प्रवृत्ति

विगत दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा समग्रमा धान बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएको देखिन्छ। आधुनिक कृषि खेती तथा उन्नत बीउको प्रयोग र मौसमी वर्षाले धान बालीको उत्पादकत्वमा केही वृद्धि भएको हो। समीक्षा वर्षमा धान बालीको क्षेत्रफलमा कमी आए पनि रासायनिक मल र हाईब्रिड बीउबीजनको सहज उपलब्धताको साथै अनुकूल मौसमी वर्षाका कारण उत्पादनमा भने वृद्धि भएको छ ( तालिका ३.२)।

**तालिका ३.२: धान बालीको उत्पादन**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (हजार मेट्रिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०७०/७१ | १४८७ | ५०४७ | ३.४ |
| २०७१/७२ | १४२६ | ४७८९ | ३.४ |
| २०७२/७३ | १३६३ | ४२९९ | ३.२ |
| २०७३/७४ | १५५२ | ५२३० | ३.४ |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५ |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८ |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८ |
| २०७७/७८ | १५०७ | ५६९६ | ३.८ |
| २०७८/७९ | १४७७ | ५१३२ | ३.५ |
| २०७९/८० | १४४७ | ५४८६ | ३.८ |
| २०८०/८१ | १४३८ | ५७२४ | ४.० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन ३.२ प्रतिशतले बढेको छ। गत वर्ष तरकारी उत्पादन १०.२ प्रतिशतले बढेको थियो ।

**फलफूल :** समीक्षा वर्षमा फलफूल बालीको समग्र उत्पादन ११.८ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन ४.५ प्रतिशतले बढेको थियो ।

**मसला :** समीक्षा वर्षमा मसला बालीको समग्र उत्पादन ३.५ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो उत्पादन ५.८ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने मधेश र कर्णाली प्रदेशमा घटेको छ। तरकारी उत्पादन बागमती र सुदूरपश्चिम प्रदेशमा घटेको छ भने बाँकी सबै प्रदेशमा बढेको छ। फलफूल बालीको उत्पादन कोशी र बागमती प्रदेशमा घटेको छ भने बाँकी सबै प्रदेशमा बढेको छ। धान बालीको कुल उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २५.१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ (अनुसूची तालिका २(ख)) ।

**तालिका ३.३ कृषि बालीको उत्पादन (मे.टन)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी | ४०५७२७५.६ | ८३००२४.४ | २४१७२४.१ | १५७०४६.५ | २२.९ | १७.९ | १६.१ | २२.० |
| मधेश | ३९३५७८७.५ | १३३६७३३.५ | ५४४१८०.५ | १७४५२९.१ | २२.२ | २८.८ | ३६.२ | २४.४ |
| बागमती | २३२४३९३.२ | ९६४४४६.९ | २०८७८४.९ | ५९५४७.० | १३.१ | २०.८ | १३.९ | ८.३ |
| गण्डकी | १४८३३९६.८ | ३२१८५९.५ | १०३९६१.४ | ६०७७५.४ | ८.४ | ६.९ | ६.९ | ८.५ |
| लुम्बिनी | ३२४७०४८.४ | ५७६२८१.३ | २३९४८४.७ | ११७८५८.४ | १८.३ | १२.४ | १५.९ | १६.५ |
| कर्णाली | ८३३४४६.८ | २९५७८५.० | ६०४७९.० | ६२५२६.९ | ४.७ | ६.४ | ४.० | ८.७ |
| सुदूरपश्चिम | १८१७८४५.० | ३१८९७८.६ | १०५९४८.० | ८२७८३.४ | १०.३ | ६.९ | ७.० | ११.६ |
| **जम्मा** | **१७६९९१९३.४** | **४६४४१०९.२** | **१५०४५६२.६** | **७१५०६६.७** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २२.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ (तालिका ३.३)। तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २८.८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.४ प्रतिशत रहेको छ। त्यस्तै, फलफूल बालीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.० प्रतिशत रहेको छ। तर, मसला बालीको उत्पादनमा मधेश प्रदेश को हिस्सा सबैभन्दा बढी २४.४ प्रतिशत रहेको छ भने बागमती प्रदेशको हिस्सा सबैभन्दा कम ८.३ प्रतिशत रहेको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा वर्षमा दूध उत्पादन ३.२ प्रतिशतले बढेको छ। गत वर्ष दूध उत्पादन ०.४ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा मासु उत्पादन ०.५ प्रतिशतले घटेको छ भने गत वर्ष मासु उत्पादन १.० प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा अण्डा उत्पादन ३.१ प्रतिशतले घटेको छ। गत वर्षको सोही

अवधिमा अण्डा उत्पादन ०.७ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा वर्षमा ऊन उत्पादन १.२ प्रतिशतले बढेको छ र छाला उत्पादन २.४ प्रतिशतले घटेको छ (अनुसूची तालिका ३(क)) ।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन ३.७ प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन ६.२ प्रतिशतले बढेको थियो । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ३(क) मा दिइएको छ ।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन १६.६ प्रतिशत, दाउरा उत्पादन २०.५ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ३३.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा काठ उत्पादन २०.५ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ११.८ प्रतिशतले बढेको थियो भने दाउरा उत्पादन ५.० प्रतिशतले घटेको थियो (अनुसूची तालिका ४(क-ख)) ।


**तालिका ३.४ प्रमुख पशुपन्छी, माछा तथा वनजन्य उत्पादन**

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **दूध** (हजार लिटर) | **मासु** (मे.टन) | **अण्डा** (हजार गोटा) | **माछा** (मे.टन) | **दूध** | **मासु** | **अण्डा** | **माछा** |
| कोशी | ६११३६८.२ | ७७७९३.२ | १४५९२०.४ | ९३१५.९ | १९.९ | १४.६ | ९.३ | १०.४ |
| मधेश | ६५४१२३.० | १४२९५५.० | १०६९९६.० | ४५५७१.० | २१.३ | २६.८ | ६.८ | ५०.७ |
| बागमती | ६८६७२७.७ | ९००४०.३ | ७४९०९३.३ | ५६९६.४ | २२.४ | १६.९ | ४७.६ | ६.३ |
| गण्डकी | २६०४२६.६ | ५४६०५.९ | २४१२७३.१ | १६२९.४ | ८.५ | १०.२ | १५.३ | १.८ |
| लुम्बिनी | ५१३८६६.० | ८५७१६.६ | २२४५८९.९ | १६६९५.३ | १६.७ | १६.१ | १४.३ | १८.६ |
| कर्णाली | ७४६०८.२ | ३३२१५.४ | २८७२१.५ | ४७०.२ | २.४ | ६.२ | १.८ | ०.५ |
| सुदूरपश्चिम | २६७५७४.३ | ४८४९९.४ | ७८६५५.३ | १०५५४.२ | ८.७ | ९.१ | ५.० | ११.७ |
| **जम्मा** | **३०६८६९३.९** | **५३२८२५.६** | **१५७५२४९.५** | **८९९३२.३** | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, २०७९*

दूध उत्पादनको हिस्सा सबैभन्दा बढी बागमती प्रदेशमा (२२.४ प्रतिशत) रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा (२.४ प्रतिशत) रहेको छ (तालिका ३.४) । मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२६.८ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (६.२ प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४७.६ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (५०.७ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (०.५ प्रतिशत) रहेको छ (अनुसूची तालिका ३(ख)) ।

**चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा**





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

## ३.४ सिँचाइ

समीक्षा वर्षमा कुल सिँचित क्षेत्रफलमा ३.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष कुल सिँचित क्षेत्रफल ४.३ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ४५.१ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.९ प्रतिशत रहेको छ (अनुसूची तालिका ५ (क-ख))।

**चार्ट ३.४ : सिँचाइ क्षेत्रफलमा भएको विस्तार (हेक्टरमा)**




*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

देशको कुल सिँचित क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २२.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ (तालिका ३.५) ।

**तालिका ३.५ : सिँचित क्षेत्रफलमा प्रदेशगत हिस्सा**


| **प्रदेश** | **क्षेत्रफल** (हेक्टरमा) | **हिस्सा** (प्रतिशतमा) |
|---|---|---|
| कोशी | २९४८०० | २२.७ |
| मधेश | २७३४११ | २१.१ |
| बागमती | १३११७९ | १०.१ |
| गण्डकी | १५१४३२ | ११.७ |
| लुम्बिनी | २५४२९५ | १९.६ |
| कर्णाली | ६०५६७ | ४.७ |
| सुदूर पश्चिम | १३१४५६ | १०.१ |
| **जम्मा** | **१२९७१३९** | **१००** |

*स्रोतः उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा १.७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ४७ अर्ब ८४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १२.१७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.७६ अर्ब ५२ करोड कर्जा पशुपालन/पशु बधशाला शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सूर्तिमा रु.३२ करोड १२ लाख प्रवाह भएको छ (अनुसूची तालिका ६ (क-ख)) । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १७.२ प्रतिशत, मधेशको अंश १८.७ प्रतिशत, बागमतीको अंश ३४.६ प्रतिशत, गण्डकीको अंश ८.२ प्रतिशत, लुम्बिनीको अंश १५.१ प्रतिशत, कर्णालीको अंश १.६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ४.८ प्रतिशत रहेको छ (चार्ट ३.५) ।

**चार्ट ३.५ : कृषि कर्जाको प्रदेशगत हिस्सा**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

फरक भूगोलका कारण प्रदेशगत रुपमा कृषि क्षेत्रका चुनौतीहरु केही फरक प्रकृतिका भएपनि अधिकांश चुनौतीहरु समान प्रकृतिका छन् । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, कृषकहरुलाई समयमै गुणस्तरीय बीउवीजन उपलब्ध गराउनु, बीउ तथा रासायनीक मलको आपूर्ति सहज बनाउनु, विचौलियाको प्रभुत्व हटाइ कृषि उपजको सहज वितरण र बजारीकरणको व्यवस्था गर्नु, न्यूनतम मूल्य सुनिश्चित गर्नु, प्रमुख कृषि भूमिको गैर कृषि उपयोग कम गर्नु, खेती गरिएको भूमिमा सिँचाइ सुविधाको सुनिश्चितता गर्नु, शीत भण्डारको उचित व्यवस्था गर्नु, कृषि जमीन खण्डीकरण रोक्नु, जलवायु परिवर्तनका कारण सिर्जित भू-क्षय, बाढीपहिरो, खडेरी, शीत-लहर तथा लू जस्ता वातावरणीय चुनौतीहरु व्यवस्थापन गर्नु, परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिको व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण र विविधीकरण गर्नु, कृषि बीमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नु, विदेशी भूमिमा आफ्नो श्रम बेचिरहेका युवाहरुलाई स्वदेशी भूमिमा व्यावसायीक कृषि खेती गर्न सहज वातावरण सिर्जना गरी समग्र कृषि क्षेत्रको विकास तथा विस्तार गर्नु, आदि जस्ता समान प्रकृतिका चुनौतीहरु विगतदेखि नै कृषि क्षेत्रमा विद्यमान रहेका छन् । यी बाहेक प्रदेशगत रुपमा रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.६ मा दिइएको छ ।

**तालिका ३.६ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| कोशी | • कृषि क्षेत्रमा उत्पादक स्वयम्ले उत्पादनको मूल्य निर्धारण गर्न सक्ने अवस्था निर्माण गर्नु ।<br>• कृषि बाली नाशकको रुपमा रहेको बाँदरको समस्या समाधान गर्नका लागि आधुनिक प्रविधिको विकास गर्नु ।<br>• पशुपन्छीहरूमा महामारीको रुपमा देखा पर्ने रोगहरूलाई समयमा नै नियन्त्रण गर्नु । |
| मधेश | • महोत्तरी, रौतहट र पर्सा जिल्लाहरू तरकारी जोनको रुपमा स्थापित भइसकेको भएतापनि जनकपुरलगायत ठूला बजार क्षेत्रमा भारतबाट हुने आयात प्रतिस्थापन गर्न सक्ने गरी क्षमता विकास गर्नु ।<br>• कृषकहरूको सीप विकासका लागि तालिम तथा प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।<br>• प्रदेशको सम्पूर्ण कृषियोग्य जग्गालाई उपयोगमा ल्याउनु, र कृषि क्षेत्रको उत्पादकत्व बढाउनु । |
| बागमती | • कृषियोग्य जग्गा खण्डीकरण हुन तथा बाँझो हुनबाट जोगाउँदै कृषि भूमि लोप हुन नदिन खेतीयोग्य जमिनको संरक्षणको लागि कानूनी व्यवस्था गर्ने ।<br>• प्रदेश सरकारको लगानीमा निर्माणाधीन र सम्पन्न भई अलपत्र परेका एक दर्जन शीत भण्डारलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु ।<br>• दानाको मूल्यमा भएको वृद्धि र अनौपचारिक आयातका कारण संकटमा परेका ह्याचरी तथा पोल्ट्रि उद्योगको पुनरुत्थान गरी बजार मागको अनुपातमा उत्पादन बढाउनु । |
| गण्डकी | • कृषि तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग, जुनोटिक रोगहरु तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु ।<br>• सुलभ ब्याजदरमा कृषि ऋणको उपलब्धता, उत्पादन तथा प्रतिफलमा आधारित अनुदान सुनिश्चित गर्नु । स्वदेशी कृषिजन्य उत्पादनलाई बजार सुनिश्चत गर्दै उत्पादनलाई |

| | |
|---|---|
| | प्रोत्साहित गर्नु ।<br>• कृषि-बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाई दावी भुक्तानी कार्यलाई सहज गर्नु । |
| लुम्बिनी | • पशुपन्छी तथा माछा उत्पादनको लागि आवश्यक दाना सुलभ मूल्यमा उपलब्ध गराई प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु ।<br>• कृषि बालीमा बाँदर, बँदेल, नीलगाई, दुम्सी लगायतका वन्यजन्तुहरुका कारणबाट हुने क्षतिलाई न्यूनीकरण गर्नु ।<br>• डढेलोले गर्दा हुने वन जंगलको हानि-नोक्सानीलाई न्यूनीकरण गर्नु । |
| कर्णाली | • कृषि क्षेत्रको उत्पादक अभिवृद्धि गर्नका लागि आवश्यकता अनुरुप नीतिगत, प्रक्रियागत र संस्थागत सुधारहरु गर्नु ।<br>• प्रदेशका पहिचान एवम् निर्यातयोग्य रैथाने तथा प्राङ्गारिक उत्पादन जस्तैः मार्सी चामल, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरुको ब्राण्डिङ गरी बजारीकरण गर्नु ।<br>• कृषि तथा पशुजन्य उत्पादनमा हानिकारक विषादी, रसायन तथा एन्टिबायोटिक्सको प्रयोग कम गरी जनस्वाथ्यमा पर्न जाने नकारात्मक प्रभाव कम गर्दै लैजानु । |
| सुदूरपश्चिम | • कृषि आधुनिकरणको लागि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता सुनिश्चित गर्नु ।<br>• प्रदेशमा रहेको खेतीयोग्य जमिनको खण्डिकरणलाई निरुत्साहित गर्नु ।<br>• भारतबाट कृषि उपजहरुको अवैध आयात निरुत्साहित गरी स्थानीय कृषकहरूले सस्तोमा आफ्नो कृषि उत्पादन बेच्नु पर्ने समस्याको निराकरण गर्नु । |

### ३.६.२ सम्भावना

प्रदेशगत रुपमा भौगोलिक तथा मौसमी विविधताले गर्दा विभिन्न प्रकारका कृषि उपजहरु उत्पादन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । यातायात, सञ्चार र आधुनिक डिजिटल प्रविधिको प्रयोग गरी कृषि उपजको प्रभावकारी बजारीकरण गर्न सकिने सम्भावना रहेको छ । यसका साथै, हरेक प्रदेशले भौगोलिक विविधताअनुरुप तुलनात्मक लाभ भएका कृषि उपज उत्पादन गरी अन्तर-प्रदेश कृषि व्यापार प्रवर्द्धन गर्न सकिने सम्भावना समेत रहेको छ । नेपालको कुल जनसंख्यामा युवाहरुको ठूलो हिस्सा रहेको सन्दर्भमा युवाहरुलाई व्यावसायिक रुपमा कृषिमा परिचालन गरी कृषि क्षेत्रको विकास तथा विस्तार गर्न सकिने सम्भावना रहेको छ । कृषिसँग सम्बन्धित विश्वविद्यालय तथा विभिन्न कृषिसँग सम्बन्धित विद्यालयलाई प्रोत्साहन गरी अध्ययन अनुसन्धान तथा प्रविधि विकास गर्न सकेमा कृषि प्रणालीको रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ । प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ३.७ मा दिइएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| कोशी | • इलाम, पाँचथर, धनकुटा, संखुवासभा, ताप्लेजुङ जस्ता जिल्लाहरूमा विस्तार हुँदै गएको व्यावसायिक सुन्तला, किवी खेती, एभोकाडो, अकबरे खोर्सानी, रुद्राक्ष, चिया, अलैंची खेतीलाई प्रवर्द्धन गर्न सके कृषिजन्य निर्यात प्रवर्द्धन हुनसक्ने ।<br>• कोशी प्रदेशका खोटाङ, संखुवासभा, ओखलढुङ्गा लगायत जिल्लाका विभिन्न स्थानहरूमा ट्राउट प्रजातिका माछा पालन गर्न सकिने ।<br>• विद्युत आपूर्तिमा सहजता आएसँगै पहाडी क्षेत्रमा लिफ्टिङ प्रविधिबाट सिँचाइ सुविधा विस्तार गर्न सकिने । |

| | |
|---|---|
| मधेश | • एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रममार्फत कृषिको उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।<br>• प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा तथा प्रयोगमा नआएका जग्गा प्रशस्त रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी कृषिजन्य उत्पादन बढाउन सकिने सम्भावना रहेको ।<br>• माछापालनका लागि मुलुककै प्रमुख १० वटा जिल्लाहरूमध्ये यो प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनुको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना रहेको । |
| बागमती | • काठमाडौं उपत्यका लगायत बागमती प्रदेशका अन्य मुख्य शहरहरु तरकारी खेती र फलफूल खेतीमा मात्र केन्द्रित भइरहेको अवस्थामा पर्यटकहरुलाई Agrotourism तर्फ आकर्षित गर्नसक्ने सम्भावना रहेको ।<br>• बागमती प्रदेशका पहाडी जिल्लामा रहेको बाँझो जमिनलाई स्थानीय सरकारको पहलमा नगदे बाली र चरिचरनका लागि उपयोग गर्न सके कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।<br>• सामूहिक खेती प्रवर्द्धन गरी समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको । |
| गण्डकी | • नेपाल सरकारले कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको तथा यो प्रदेश आफैमा उत्कृष्ट पर्यटन गन्तव्य भएको सन्दर्भमा कृषिलाई पर्यटनसँग जोड्न सकेमा आयआर्जन गर्न सकिने सम्भावना रहेको ।<br>• गण्डकी प्रदेशका मनाङ र मुस्ताङ जिल्लाहरुमा स्याउ खेती, कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा सुन्तला खेती तथा नवलपरासी (पूर्व) मा आँप तथा केरा खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी जिल्लाहरुमा यार्सागुम्बा लगायतका जडीबुटीहरुबाट राम्रो आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।<br>• उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । |
| लुम्बिनी | • निजी जग्गामा समेत टिमुर, तेजपात, अमला, सुगन्धकोकीला लगायतका जडिबुटी खेतीतर्फ किसानहरु आकर्षित भएकोले जडिबुटीजन्य उत्पादन तथा उद्योग स्थापनामा वृद्धि हुन सक्ने ।<br>• भौगोलिक विविधतायुक्त यो प्रदेशमा पशुपन्छीका लागि अनुकूल वातावरण रहेका कारण खाद्यान्न, तरकारी, फलफूल तथा पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात गर्न सकिने ।<br>• लुम्बिनी प्रदेशका पहाडी तथा उच्च पहाडी जिल्लाहरुमा उत्पादन भएका जडीबुटीहरु प्रशोधन केन्द्र स्थापना भएमा मूल्य अभिवृद्धि सहित निर्यातको राम्रो सम्भावना रहेको । |
| कर्णाली | • यो प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएकोले यहाँ अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्राङ्गारिक कृषिको विस्तार गर्न सकिने ।<br>• यस प्रदेशमा रहेका ठूला नदीहरु, खहरे खोला, मुल पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिँचाइ सुविधाको विस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने ।<br>• यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले यससँग सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने । |

| | |
|---|---|
| सुदूरपश्चिम | • यस प्रदेशमा पशु नश्ल सुधार कार्यक्रम, पशुपन्छीमा महामारी नियन्त्रणको लागि खोप अभियान तथा पशु आहारा विकास कार्यक्रम जस्ता नीतिहरुका कारण पशुपन्छीको उत्पादन बढ्ने सम्भावना रहेको ।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेलधुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनमा रहेको कारण सो खेतीहरुको उत्पादन बढ्ने सम्भावना रहेको ।<br>• प्रदेशमा निर्माणाधीन रानी जमरा कुलरिया सिँचाइ आयोजना तथा महाकाली सिँचाइ आयोजनाले कुल सिँचित क्षेत्रफलमा वृद्धि भई कृषि उत्पादनमा सकारात्मक प्रभाव पार्ने सम्भावना रहेको । |

## परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ उद्योगको विवरण

आर्थिक वर्ष २०८०/८१ मा उद्योग विभागमा पर्यटनमा १३७, सेवामा ११८, उत्पादनमूलक क्षेत्रमा १०७, उर्जामा २२, सूचना तथा प्रविधिमा २१, कृषि तथा वनमा १६, पूर्वाधारमा ९ र खनिजजन्यमा ४ गरी कुल ४३४ उद्योगहरु दर्ता भएका छन्। जसमा ४९ वटा ठूला, ५२ वटा मझौला र ३३३ वटा साना उद्योगहरु रहेका छन्। उक्त उद्योगहरुमा रु.२०१ अर्ब ८० करोडको कुल पूँजी र २५ हजार ५ सय ५१ रोजगारी प्रस्ताव गरिएको छ।

**तालिका ४.१ : आ.व. २०८०/८१ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पूँजी (रु. दश लाखमा) | कुल स्थिर पूँजी (रु. दश लाखमा) | चालु पूँजी (रु. दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|
| कोशी | २४ | ५१०३५.०४ | ४८७२०.७९ | २३१४.२५ | २०८१ |
| मधेश | २४ | ७७५१.४९ | ५८९८.५८ | १८५२.९१ | २३९५ |
| बागमती | २९० | ६९७९४.३३ | ४४८६८.४० | २४९२५.९३ | १४९७५ |
| गण्डकी | ३३ | ४२६०५.५३ | ४०९५५.४९ | १६५०.०५ | १०५२ |
| लुम्बिनी | ३८ | २५८१६.०६ | २१३२८.१८ | ४४८७.८८ | ३४०१ |
| कर्णाली | - | - | - | - | - |
| सुदूरपश्चिम | २५ | ४८०५.६८ | ३७८८.४५ | १०१७.२३ | १६४७ |
| **जम्मा** | **४३४** | **२०१८०८.१२** | **१६५५५९.८८** | **३६२४८.२४** | **२५५५१** |

*स्रोत : उद्योग विभाग, २०८०*

आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशमा सबैभन्दा धैरै २९० वटा उद्योगहरु दर्ता हुँदा कर्णाली प्रदेशमा कुनैपनि नयाँ उद्योग दर्ता भएका छैनन्। कोशी प्रदेशका सात जिल्ला उदयपुर, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सोलुखुम्बु र ओखलढुङ्गा, मधेश प्रदेशमा चार जिल्ला सिराहा, सप्तरी, सर्लाही र रौतहट, बागमती प्रदेशको सिन्धुली जिल्ला, गण्डकी प्रदेशमा चार जिल्ला बाग्लुङ, मुस्ताङ, नवलपुर र स्याङजा, लुम्बिनी प्रदेशमा चार जिल्ला रुकुम पर्वु, गुल्मी, प्यूठान र रोल्पा, कर्णाली प्रदेशका सबै दश जिल्ला सुर्खेत, दैलेख, कालिकोट, डोल्पा, हुम्ला, मुगु, जाजरकोट, जुम्ला, रुकुम पश्चिम र सल्यान तथा सुदूरपश्चिम प्रदेशमा छ जिल्ला अछाम, बैतडी, बझाङ, बाजुरा, डडेलधुरा र डोटी जिल्ला गरी कुल ३६ जिल्लामा कुनैपनि नयाँ उद्योग दर्ता भएका छैनन्।

**तालिका ४.२ : उद्योग दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| कोशी | ५८ | ३० | ३२ | ४२ | ३९ | २४ |
| मधेश | ३० | १८ | २१ | ४८ | ३६ | २४ |
| बागमती | २६३ | १७७ | ८९ | १३१ | १६९ | २९० |
| गण्डकी | ४८ | २९ | २९ | २४ | २९ | ३३ |
| लुम्बिनी | ३२ | २० | २५ | ५१ | ४२ | ३८ |
| कर्णाली | १ | २ | ० | ३ | ० | ० |
| सुदूरपश्चिम | ७ | १ | ७ | १० | ७ | २५ |
| **जम्मा** | **४३९** | **२७७** | **२०३** | **३०९** | **३२२** | **४३४** |


*स्रोत : उद्योग विभाग, २०८०।*

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा औसत क्षमता उपयोग ४९.८ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगमध्ये पश्मिना उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी (९७.९) प्रतिशत) रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम (०.९ प्रतिशत) रहेको छ (अनुसूची तालिका ७ (क))।

अध्ययनले समेटेका उद्योगहरुमध्ये प्रशोधित दुध, चामल, गहुँको पिठो, चिनी, प्रशोधित चिया, मदिरा, हल्का पेय पदार्थ, धागो, पश्मिना, लिक्वीड, जि आई तार, सिमेन्ट, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, बिजुलीका तार, टायर तथा ट्यूब, टान्सफर्मर र चप्पल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको छ। वनस्पती घिउ, तोरीको तेल, भटमासको तेल, पशुदाना, विस्कुट, चकलेट, चाउचाउ, वियर, चुरोट, सिन्थेटिक कपडा, गार्मेन्ट, कच्चा छाला, चिरेको काठ, प्लाईउड, कागज, रोजिन, रंग, ट्याब्लेट औषधी, क्याप्सुल, ओइन्टमेन्ट, ड्राई सिरफ, साबुन, प्लास्टिकका सामान, जुटका सामान, पोलिथिन पाइप, ईटा, कंक्रीट, फलामको छड तथा पत्ति, स्टिलजन्य उत्पादन, जि.आई.पाईप, कपडाको जुत्ता र बिजुली उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ।


**चार्ट ४.१ : प्रमुख उद्योगको क्षमता उपयोग** **(प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु, २०८०/८१*

सातवटै प्रदेशको अघिल्लो आर्थिक वर्ष र समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग तुलनात्मक रुपमा चार्ट ४.२ मा देखाइएको छ। समीक्षा वर्षमा कोशी प्रदेशको उद्योगको औसत क्षमता उपयोग बढेको छ भने मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको उद्योगको औसत क्षमता उपयोग घटेको छ।

**चार्ट ४.२ : प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**





*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु, २०८०/८१*

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ९.४ प्रतिशतले वृद्धि भई रु.१५ खर्ब १८ अर्ब १० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १०.८ प्रतिशतले बढेको थियो ।

कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २९.४ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा ०.८० प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा २०.५३ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३८.०३ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा ११.८१ प्रतिशत, विद्युत ग्याँस तथा पानीसम्बन्धी उद्योगमा २४.२५ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४.५९ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट ४.३ : औद्योगिक कर्जा लगानी स्थिति** **(रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.१० खर्ब ६३ अर्ब ९४ करोड कर्जा लगानीमा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु. ४ अर्ब ११ करोड कर्जा लगानीमा रहेको छ ।


**तालिका ४.३ : प्रदेशगत औद्योगिक क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| कोशी | १३,९६६.०५ | ९.२ |
| मधेश | १२,१८७.२१ | ८.० |
| बागमती | १०६,३९४.७८ | ७०.१ |
| गण्डकी | ३,१०१.३१ | २.० |
| लुम्बिनी | १३,१८८.६४ | ८.७ |
| कर्णाली | ४११.८७ | ०.३ |
| सुदूरपश्चिम | २,५६०.१८ | १.७ |
| **जम्मा** | **१५१,८१०.०४** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८१*

औद्योगिक कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको हिस्सा ९.२ प्रतिशत, मधेश प्रदेशको ८.० प्रतिशत, बागमती प्रदेशको ७०.१ प्रतिशत, गण्डकी प्रदेशको २.० प्रतिशत, लुम्बिनी प्रदेशको ८.७ प्रतिशत, कर्णाली प्रदेशको ०.३ प्रतिशत र सुदूरपश्चिम प्रदेशको १.७ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.४ : औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा (प्रतिशत)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८०/८१*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

नवीनतम उद्योगको स्थापना तथा सञ्चालनको लागतमा कमी ल्याउनु, सञ्चालनमा रहेका औद्योगिक क्षेत्र/कोरिडोर एवं विशेष आर्थिक क्षेत्रहरुको प्रभावकारी व्यवस्थापन तथा विस्तार गर्नु, स्वदेशी औद्योगिक कच्चा पदार्थको उत्पादन तथा खपत वृद्धि गर्नु, उद्योग सञ्चालनका लागि आवश्यक उर्जा तथा स्थानको व्यवस्थापन गर्नु, औद्योगिक आपूर्ति श्रृंखला प्रभावकारी बनाउनु जस्ता चुनौतीहरु उद्योग क्षेत्रमा रहेका छन् ।

यसका साथै, लगानीमैत्री वातावरण सृजना गर्नु, सडक, ऊर्जा, सञ्चार जस्ता न्यूनतम आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्नु, उद्योग क्षेत्रमा विदेशी लगानी आकर्षण गरी प्रविधि हस्तान्तरण तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु, औद्योगिक क्षेत्रमा अभाव हुने अर्ध-दक्ष तथा दक्ष जनशक्तिको पलायन रोकी दक्ष श्रमशक्तिको उपलब्धता सुनिश्चित गर्नु, लगानीमैत्री वातावरण सृजना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका निर्यातमूलक उद्योगमा लगानी बढाउनु, उद्योगी-श्रमिकका बीचमा सम्बन्ध सुधार गरी सुमधुर औद्योगिक वातावरण सृजना गर्नु जस्ता चुनौतीहरु औद्योगिक क्षेत्रमा अझै पनि विद्यमान रहेका छन्। उद्योग क्षेत्रका प्रदेशगत चुनौती तालिका ४.४ दिइएको छ।

**तालिका ४.४ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी | • नेपालमा उत्पादित वस्तुहरूले खुला सिमानाका कारण अवैधरुपमा भित्रिने वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसक्दा उत्पादनको बिक्री वितरणमा बजारको समस्या हुनु। <br>• उद्योग व्यवसायमा नियमित विद्युत आपूर्ति सुनिश्चित गर्नु। <br>• नेपालमा नै उत्पादन हुने कतिपय वस्तुहरूका लागि आवश्यक संकलन केन्द्र तथा शीत भण्डार जस्ता आवश्यक पूर्वाधारहरूको अभाव हुनु। <br>• नेपाली श्रमशक्ति वैदेशिक रोजगारमा जाने क्रम यथावत् रहेकाले देश भित्रका उद्योगहरूमा दक्ष तथा अदक्ष कामदारको आपूर्ति सुनिश्चित गर्नु। |
| मधेश | • ठूला आकारका औद्योगिक क्षेत्रहरु (Industrial Zone) को निर्माण गर्न जग्गा अधिग्रहणका समस्या हुनु र तीव्र दरमा बढी रहेको जग्गाको खण्डिकरण रोक्नु। <br>• स्थानीय औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउन खुला सीमाना व्यवस्थित गरी अवैध व्यापार नियन्त्रण गर्नु। <br>• उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी आयातित वस्तु तथा सेवासँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु। <br>• उद्योग/व्यावसायको क्रियाकलापलाई स्वच्छ र पारदर्शी बनाई स्वच्छ लगानीको वातावरण तयार गर्नु। <br>• प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरूको क्षमता उपयोग वृद्धि गर्ने वातावरण तयार गर्नु। श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्द हुने अवस्था अन्त्य गर्दै पूर्ण क्षमतामा उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु तथा उत्पादनको लागत घटाउनु। |
| बागमती | • नेपालको मौलिक हस्तकला, सुन तथा चाँदीका गरगहना तथा ढलोट तथा तामाका सामग्री बनाउने पुर्ख्यौली व्यवसायबाट पछिल्लो पुस्ता विस्थापित हुँदै गएकोले यस व्यवसायको स्थायित्व तथा आकर्षण कायम राख्नु साथै यस्ता सामग्रीको अन्तर्राष्ट्रियकरण गर्न Mass Production मा जोड दिनु। <br>• जडीबुटी उद्योगले उत्पादन गरेका वस्तुहरु प्रशोधन र भण्डारण गर्ने पूर्वाधार नभएकाले यस्ता उद्योगको पूर्वाधार विकास गर्नु तथा उत्पादन खरिद गर्ने सुनिश्चितता गर्नु। |
| गण्डकी | • अधिकांश उद्योगहरूको औसत उत्पादन क्षमता न्यून देखिएकाले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु। <br>• उद्योग स्थापना तथा नवीकरण गर्नका साथै औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न लागि प्रक्रियागत जटिलताहरू रहनु। <br>• औद्योगिक क्षेत्रको विकासका लागि पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु। साथै, बढ्दो उत्पादन लागतले उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास भएकाले अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु। |

| | |
|---|---|
| लुम्बिनी | • युवावर्गलाई नवप्रवर्द्धनतर्फ आकर्षित गर्दै स्वदेशमै उद्यम व्यवसाय गर्न उत्प्रेरीत गर्नु ।<br>• यस प्रदेशका सिमेन्ट उद्योगहरुका लागि चाहिने चुनढुङ्गा उत्खनन् गर्दा हुने नकारात्मक वातावरणीय प्रभाव कम गर्नु तथा अन्य उद्योगहरुबाट निस्कने फोहर तथा प्रदुषण व्यवस्थापन गर्नु ।<br>• मदिराजन्य वस्तुहरुको विज्ञापनमा नियन्त्रणकारी व्यवस्थाले बजार विस्तार गर्नु ।<br>• भारत तथा बङ्गलादेशमा उत्पादित औषधीहरुको लागत तुलनात्मक रुपमा नेपाली औषधीको भन्दा कम हुने हुँदा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु । |
| कर्णाली | • कृषि र उत्पादनजन्य उद्योगमा लगानी तथा मूल्य अभिवृद्धिको अंश घट्दै गएकाले् लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्नु ।<br>• कृषि तथा उद्योग क्षेत्रमा रहेको बढ्दो उत्पादन लागत तथा कमजोर प्रतिस्पर्धी क्षमताको अवस्थालाई सम्बोधन गर्नु, औद्योगिक कच्चा पदार्थको सहज आपूर्तिका लागि कृषिमा आधारित उद्योगको स्थापनामा जोड दिई उत्पादनको बजार सुनिश्चतता गर्नु ।<br>• परम्परागत कृषि क्षेत्रमा रहेको जनशक्तिलाई अन्य उत्पादनमूलक क्षेत्रमा रुपान्तरण गराउनु ।<br>• वित्तीय पहुँचमा सहजता, बजारीकरणका लागि सहयोग र उत्पादन लागत घटाउन राज्यले पूर्वाधार विकासमा पर्याप्त लगानी गरी उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्नु । |
| सुदूरपश्चिम | • स्वदेशी उत्पादनको गुणस्तरीय तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी भारतीय बजारबाट आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्नु ।<br>• समग्र मागमा कमी, औद्योगिक असुरक्षा, चौबिसै घण्टा बिद्युत आपूर्तिको सुनिश्चितता, असहज श्रम सम्वन्ध, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी, गुणस्तरीय कच्चा पदार्थको अभाव हुनु ।<br>• स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको पूर्ण उपयोग गर्नुका साथै, स्वदेशी श्रमशक्तिको दक्षता र क्षमता अभिवृद्धि गर्नु ।<br>• पर्याप्त अनुसन्धान, अन्वेषण र सम्भाव्य क्षेत्रको पहिचान गरी औद्योगिकरण र उद्यमशीलता विकास गर्नु । |

* अधिकांश चुनौतीहरु राष्ट्रियस्तरमा पहिचान गरिएका चुनौतीहरु नै रहेका छन् ।

## सम्भावना

घट्दै गरेको ब्याजदर, तुलनात्मक रुपमा सस्तो जनशक्तिको उपलब्धता, स्वदेशी वस्तुको उत्पादन र प्रयोगमा सरकारको प्राथमिकता, बढ्दै गएको प्रविधिको प्रयोग, बढ्दो बैंकिङ पहुँच, निर्यातमा अनुदान, आन्तरिक मागको उच्च हिस्सा आयातबाट पूर्ति हुने गरेकोले आयात प्रतिस्थापनमार्फत् आन्तरिक माग व्यवस्थापन गर्न उद्योग स्थापना गर्ने अवसर समेत रहेको छ । सिमेन्ट, स्टील, चिया, जस्तापाता, पेन्ट, विद्युतीय केबल तथा कण्डक्टर लगायतका उद्योगहरु आत्मनिर्भरतातर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्दै गई निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना छ । जलविद्युत् उत्पादनमा आएको वृद्धिले औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत उपलब्ध भई उत्पादन लागतमा कमी आउने सम्भावना रहेको छ ।

**तालिका ४.५ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी | • नेपाल सरकारले अघि सारेको "एक प्रदेश एक ठूलो औद्योगिक क्षेत्र" नीति अनुरूप यस प्रदेशको झापा जिल्लाको दमकमा औद्योगिक पार्कको स्थापना हुनु ।<br>• विशेष आर्थिक क्षेत्र प्राधिकरण नेपालबाट यस प्रदेशको मोरङ जिल्लास्थित बर्जु गाँउपालिकामा २०० हेक्टर क्षेत्रफलमा अवस्थित खाद्य वस्तु, हस्तकला, छालाका वस्तुहरू, जडिबुटी प्रसोधन, अगरबत्ती, अटोमोबाइलका स्पेयर पार्ट्स आदि सम्भावित |

| | |
|---|---|
| | उद्योगहरूको डिपिआर तयार हुनु तथा झापा जिल्लाको कमल गाँउपालिकामा २०० हेक्टर क्षेत्रफलमा कृषि उद्योगहरूको सम्भाव्यता अध्ययन जारी हुनु । |
| मधेश | • मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गरी राजस्व परिचालनको आधार फराकिलो बनाउन सकिने ।<br>• मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले श्रम आपूर्ति सहज हुने हुँदा यो प्रदेशमा उद्योगहरू स्थापना गर्दा प्रतिस्पर्धात्मक क्षमता बढ्न गई आन्तरीक उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउन सकिने ।<br>• यो प्रदेशमा पूर्व-पश्चिम राजमार्ग र उत्तर-दक्षिण जोड्ने सडक सञ्जाल रहेकोले कृषिमा आधारित उद्योगहरूको प्रचुर सम्भावना देखिनु । |
| बागमती | • ब्याजदर घटिरहेको अवस्थामा उद्योगी व्यवसायीहरुले बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपयोग गर्ने वातावरण सिर्जना भई औद्योगिक लागत घटी उत्पादन बढ्न सक्ने ।<br>• विदेशबाट फर्किएका नेपालीहरुले संचालन गर्न खोजेका उद्योगहरुलाई आर्थिक/प्राविधिक सीपमूलक तालिमको व्यवस्था गर्न सकेमा साना तथा मझौला उद्योगीको मनोबल वृद्धि गर्न सकिने ।<br>• पूर्वाधार निर्माणको कामलाई द्रुततर गतिमा अगाडि बढाउन सकेमा फलाम, सिमेन्ट, इट्टा लगायतका निर्माण सम्बन्धी उद्योगहरुको कारोबार बढ्न सक्ने ।<br>• यस प्रदेशमा भएका मासुजन्य उद्योगहरुबाट निस्किने उप उत्पादन जस्तैः छाला, हाड, बोसो लगायत अन्य उत्पादनलाई कच्चा पदार्थका रुपमा प्रयोग गर्ने उद्योगहरुको ( जस्तैः कस्मेटिक, साबुन तथा अन्य) स्थापना गर्न सकिने ।<br>• यस प्रदेशमा हिमाली भेगको पानी प्रशोधन गरी प्याक गर्ने मिनरल वाटरका उद्योग स्थापना गरी मिनरल वाटर निर्यात गर्न सकिने । |
| गण्डकी | • नेपाल सरकारले आ.व २०८१/८२ को बजेटमा समावेश गरेको गण्डकी आर्थिक त्रिभुज परियोजना, मेक इन नेपाल र मेड इन नेपाल अभियान तथा विभिन्न उद्योगहरुको लागि आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवा लगायतका पूर्वाधारहरुको विकासको प्रभावकारी कार्यान्वयन भएमा यस प्रदेशमा औद्योगिक क्षेत्रको विकासको राम्रो सम्भावना रहेको ।<br>• गण्डकी प्रदेश कृषि, पर्यटन र जलविद्युतको क्षेत्रमा राम्रो संभावना भएको प्रदेश भएकाले सो क्षेत्रसँग सम्बन्धित उद्योगहरूको स्थापना तथा सञ्चालनमार्फत् उत्पादन, आय र रोजगारी वृद्धि गर्न सकिने । यस प्रदेशमा युरेनियम, फलाम, चुनढुङ्गा इत्यादिको उत्खनन गर्न सकिने सम्भावना रहेकाले खनिजजन्य उद्योगहरुको विकास गर्न सकिने ।<br>• आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने । |
| लुम्बिनी | • यस प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा प्रशस्त मात्रामा जडिबुटी पाईने हुँदा जडिबुटी प्रशोधन उद्योगहरुको विस्तार हुन सक्ने ।<br>• भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा विद्युत सबस्टेशनको निर्माण कार्य अन्तिम चरणमा रहेको र नीतिगत सुधारका कारण थप उद्योगहरु स्थापना हुन सक्ने ।<br>• हाल सुस्त अवस्थामा रहेको पूर्वाधार निर्माणको काम अघि बढ्न सकेमा सिमेन्ट तथा फलामे छड उत्पादन गर्ने उद्योगहरुको उत्पादन क्षमतामा वृद्धि हुन सक्ने ।<br>• रुपन्देहीको मोतिपुर तथा बाँकेको नौवस्तामा पूर्वाधार सहितको औद्योगीक क्षेत्र स्थापना भएमा नयाँ उद्यमीहरुलाई उद्योग सञ्चालन गर्न प्रोत्साहन मिल्ने ।<br>• यस प्रदेशमा रहेका राष्ट्रिय निकुञ्जहरुमा वन पर्यटनको सम्भावना रहेको । |
| कर्णाली | • वैदेशिक रोजगारीबाट फर्किएका उद्यमशील सोच र क्षमता भएका प्रतिभावान् युवा जनशक्तिहरुलाई नयाँ उद्यम तथा व्यवसायप्रति आकर्षण गर्न स्टार्टअप इकोसिस्टम |

| | |
|---|---|
| | विकासका लागि आवश्यक नीति, मापदण्ड तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन हनु ।<br>• प्रदेश सरकारका निकायबाट हुने खरिदमा प्रदेशमै उत्पादित वस्तु तथा सेवाको खरिद गर्न प्रोत्साहन गरी रैथाने उत्पादनको बजारीकरणको लागि कार्यविधि बनाइ कोसेली घर सञ्चालनमा ल्याइने प्रदेश सरकारको वार्षिक बजेटमा नै उल्लेख गरिएको हुनाले स्थानीय वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि हुनसक्ने ।<br>• यस प्रदेशमा प्राङ्गारिक कृषि खेतीको प्रचुर सम्भावना रहेकोले कृषि र यससँग सम्बन्धित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई प्राङ्गारिक कृषि खेतीको नमुना क्षेत्रको रुपमा विकास गर्न सकिने ।<br>• बाटो, सञ्चार, विजुली जस्ता आत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा विस्तार भएमा स्थानियस्थरमा उपलब्ध श्रम तथा औधोगिक कच्चा पदार्थहरुमा आधारित उद्योगहरुको स्थापना गर्न सकिने । |
| सुदूरपश्चिम | • यस प्रदेशमा पश्चिम सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता अत्याधिक जलप्रवाह भएका नदीहरु रहेकाले जलविद्युत आयोजनाहरुको स्थापना गर्न सकिने ।<br>• यस प्रदेशको विभिन्न जिल्लाहरुमा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिबुटी यार्सागुम्बा, पाँचऔले, झ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैची, अमला आदि प्रशोधन गर्ने कृषि तथा बन पैदावारमा आधारित उद्योगहरु स्थापना गर्न सकिने ।<br>• कैलाली र कञ्चनपुर जिल्लामा कृषि उत्पादनका लागि उर्वर भुमी रहेकोले कृषिमा आधारित उद्योगहरु (विशेषतः धान, गहुँ, दलहन तथा नगदेबाली) को स्थापना गरी भारतबाट हुने खाद्यान्नको आयातलाई प्रतिस्थापन गर्न सक्ने ।<br>• डडेल्धुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।<br>• नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीनै तहका सरकारको लागत साझेदारीमा सम्पन्न गर्न सकिने ।<br>• यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन गर्ने प्रचलन बढ्दै गएकोमा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने । |


## परिच्छेद ५
# सेवा क्षेत्र

वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियल इस्टेटसम्बन्धी कारोबार, वित्तीय सेवा, सञ्चार र यातायात सेवाहरु समेटिएका छन् ।

## ५.१ पर्यटन

सन् २०२४ मा नेपाल आगमन गर्ने पर्यटक संख्या १३.०७ प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ५ सय ६७ जना पुगेको छ (चार्ट ५.१) । अघिल्लो वर्ष सो आगमन संख्या १० लाख १४ हजार ८ सय ८२ रहेको थियो । आएका पर्यटकहरुमध्ये २७.६९ प्रतिशत पर्यटक भारतबाट, ८.८८ प्रतिशत चीनबाट र ६३.४३ प्रतिशत अन्य मुलुकका रहेका छन् । पर्यटक आगमनमा चीनबाट ६७.३५ प्रतिशत र तेस्रो मुलुकबाट १४.८० प्रतिशत वृद्धि भएको छ भने भारतबाट पर्यटक आगमनमा ०.६८ प्रतिशतले ह्रास आएको छ ।

**चार्ट ५.१ : पर्यटक आगमन संख्या**




*स्रोत: नेपाल पर्यटन बोर्ड, २०८०/८१*

नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्कअनुसार २०८१ असार मसान्तसम्ममा ९ वटा आन्तरिक हवाई सेवा कम्पनी र २९ वटा अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनी गरी समग्रमा ३८ वटा हवाई सेवा कम्पनी रहेका छन् । समीक्षा वर्षमा मुलुकमा समग्र हवाइ सेवा दिने कम्पनीको संख्या २.५६ प्रतिशतले घटेको छ । आन्तरिक हवाई सेवा कम्पनीको संख्यामा कुनै परिवर्तन भएको छैन भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको संख्या ३.३३ प्रतिशतले घटेको छ । यसैगरी, समग्रमा हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता १२.१३ प्रतिशतले घटेर ११ हजार ७ सय ६ पुगेको छ, जसमा आन्तरिक हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता २ हजार ७ सय ५६ रहेको छ भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता ८ हजार ९ सय ५० रहेको छ ।

## ५.२ सार्वजनिक निर्माण तथा रियल इस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यामा गत वर्षको तुलनामा २४.३७ प्रतिशतले कमी आई ४ लाख ६ हजार ६ सय ४२ कायम भएको छ । गत वर्ष सो संख्या ५ लाख ३७ हजार ६ सय ४६ रहेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व गत वर्षको तुलनामा ७.४१ प्रतिशतले घटेर रु.३१

अर्ब ४९ करोड ३६ लाख पुगेको छ। गत वर्ष यस्तो राजस्व १७.३४ प्रतिशतले घटेको थियो। गत वर्ष २३.२८ प्रतिशतले घटेको घर/भवन नक्शा पास संख्या भने समीक्षा वर्षमा ११.६० प्रतिशतले घटेको छ।


**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्शा पास संख्या | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) |
|---|---:|---:|---:|
| कोशी प्रदेश | ८५४७८ | ४७०० | ३८२८.८ |
| मधेश प्रदेश | १०६९४६ | ३२१८ | ३५१०.१ |
| बागमती प्रदेश | ७८०२३ | १५८१० | १७३५८.२ |
| गण्डकी प्रदेश | २४४७८ | २२९६ | २३३७.४ |
| लुम्बिनी प्रदेश | ७५०५० | ५३२२ | ३२४२.५ |
| कर्णाली प्रदेश | १२६१३ | ११३९ | ३२६.५ |
| सुदूर पश्चिम प्रदेश | २४०५४ | १७२० | ८९०.२ |
| **जम्मा** | **४०६६४२** | **३४२०५** | **३१४९३.७** |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०८१*

समीक्षा वर्षमा मधेश प्रदेशमा सबैभन्दा बढी १,०६,९४६ र कर्णाली प्रदेशमा सबैभन्दा कम १२,६१३ घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ (तालिका ५.१)। यसैगरी, समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १५,८१० र कर्णाली प्रदेशमा सबैभन्दा कम १,१३९ वटा घर/भवन स्थायी नक्शापास भएको छ।

**चार्ट ५.२ : घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा)**




*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०८०/८१*


कुल घर-जग्गा रजिष्ट्रेशन संख्यामा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २६.३० प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.१० प्रतिशत रहेको छ (चार्ट ५.२)। समीक्षा वर्षमा गत वर्षको तुलनामा सबै प्रदेशहरुमा घर-जग्गा रजिष्ट्रेशन संख्या घटेको छ (अनुसूची तालिका ११ (क-ख))।

## ५.३ वित्तीय क्षेत्र

२०८१ असार मसान्तसम्ममा वाणिज्य बैंकका ५ हजार ५६, विकास बैंकका १ हजार १ सय ३५, वित्त कम्पनीका २ सय ८८ तथा लघुवित्त वित्तीय संस्थाका ५ हजार ५१ र पूर्वाधार विकास बैंकको १ गरी जम्मा

११ हजार ५ सय ३१ शाखाहरु सञ्चालनमा रहेका छन् । यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३ हजार ३८ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४ सय ७५ शाखाहरु सञ्चालनमा रहेका छन् (चार्ट ५.३) । समीक्षा वर्षमा ५९ शाखाहरु कम भएका छन् (अनुसूची तालिका १२) ।


**चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८०/८१*

२०८१ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८० असार मसान्तको तुलनामा १२.४ प्रतिशतले वृद्धि भई रु.६४ खर्ब ८६ अर्ब ८२ करोड पुगेको छ (चार्ट ५.४)। गत वर्ष यस्तो निक्षेप १२.३ प्रतिशतले वृद्धि भएको थियो ।


**चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति (रु अर्बमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु,२०८०/८१*

२०८१ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०८० असार मसान्तसम्मको तुलनामा ५.९ प्रतिशतले वृद्धि भई रु.५१ खर्ब ६४ अर्ब २० करोड पुगेको छ (चार्ट ५.४) । अघिल्लो वर्ष यस्तो कर्जा ३.९ प्रतिशतले वृद्धि भएको थियो । २०८१ असार मसान्तमा कुल कर्जा कुल निक्षेप अनुपात ७९.६ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा यस्तो अनुपात ८४.५ प्रतिशत रहेको थियो । कर्जा निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १३६.९४ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम ६५.३२ प्रतिशत रहेको छ (चार्ट ५.५) ।

**चार्ट ५.५ : प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु,२०८०/८१*

२०८१ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६६.७२ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.१६ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा गरिएको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५७.८० प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.१५ प्रतिशत रहेको छ (अनुसूची तालिका १३)।

## ५.४ सेवा क्षेत्र कर्जा

२०८१ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा ३.८० प्रतिशतले वृद्धि भई रु.२० खर्ब ४७ अर्ब ९८ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा ६.२४ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.७ प्रतिशत रहेको छ। सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ४९.० प्रतिशत कर्जा प्रवाह भएको छ भने रियल स्टेट उपक्षेत्रमा १२.६ प्रतिशत, पर्यटन उपक्षेत्रमा ११.३ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा १०.७ प्रतिशत, शिक्षा उपक्षेत्रमा ५.४ प्रतिशत, यातायात, भण्डारण र सञ्चार उपक्षेत्रमा ४.३ प्रतिशत, अन्य सेवा उपक्षेत्रमा ३.६ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी उपक्षेत्रमा ३.२ प्रतिशत कर्जा प्रवाह भएको छ (अनुसूची तालिका ९ (क-ख))।

**तालिका ५.२ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कोशी | २१,६९९.९४ | १०.६ |
| मधेश | १९,०६८.८१ | ९.३ |
| बागमती | ११७,६०७.३३ | ५७.४ |
| गण्डकी | १४,६२३.९० | ७.१ |
| लुम्बिनी | २२,६८१.८१ | ११.१ |
| कर्णाली | २,४१०.९७ | १.२ |
| सुदूरपश्चिम | ६,७०५.७२ | ३.३ |
| **जम्मा** | २०४,७९८.४७ | १००.०० |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी (५७.४ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ (तालिका ५.२ र अनुसूची तालिका ९ (क-ख) ) ।

## ५.५ यातायात तथा सञ्चार

### यातायात

२०८१ असार मसान्तसम्ममा दर्ता भएका नयाँ सवारी साधनको संख्या २०८० असार मसान्तको तुलनामा १५.० प्रतिशतले ह्रास भई २ लाख ७० हजार ४ सय ८३ पुगेको छ। यसमध्ये मोटरसाईकल संख्या १७.१ प्रतिशत तथा अन्य सवारी साधन ११.५ प्रतिशतले ह्रास भएको छ (अनुसूची तालिका २० (क-ख)) ।

प्रदेशगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी ९० हजार ९ सय ९ सवारी साधन दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ३ हजार ४ सवारी साधान दर्ता भएका छन् (तालिका ५.३) ।

**तालिका ५.३: सवारी साधन दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | यातायातका साधनको कुल संख्या | हिस्सा हिस्सा (प्रतिशत) |
|---|---|---|
| कोशी प्रदेश | ४०८५६ | १५.१ |
| मधेश प्रदेश | ५९६८२ | २२.१ |
| बागमती प्रदेश | ९०९०९ | ३३.६ |
| गण्डकी प्रदेश | १२९३८ | ४.८ |
| लुम्बिनी प्रदेश | ५४८३९ | २०.३ |
| कर्णाली प्रदेश | ३००४ | १.१ |
| सुदूर पश्चिम प्रदेश | ८२५५ | ३.१ |
| **जम्मा** | **२७०४८३** | **१००** |

*स्रोत : यातायात व्यवस्था कार्यालयहरु, २०८०/८१*

### सञ्चार

समीक्षा वर्षमा कुल वितरित टेलिफोन संख्या ४.२ प्रतिशतले बढेर ३ करोड ६२ लाख २६ हजार ८ सय ४४ पुगेको छ। गत वर्ष यस्तो संख्या १७.० प्रतिशतले घटेर ३ करोड ४७ लाख ८२ हजार ४ सय ७३ रहेको थियो ।


२०८१ असार मसान्तमा कुल टेलिफोन सेवाको घनत्व १२४.२ प्रतिशत रहेको छ भने २०८० असार मसान्तमा यस्तो घनत्व ११९.३ प्रतिशत रहेको थियो। टेलिफोन सेवामा ९८.३ प्रतिशत मोवाइल र १.६ प्रतिशत स्थाई सेवाको हिस्सा रहेको छ। समीक्षा वर्षमा ब्रोडब्याण्ड इन्टरनेट सेवा प्रयोगकर्ताको संख्यामा १४.५ प्रतिशतले कमी भई ३ करोड ४० लाख २८ हजार ५ सय ८३ पुगेको छ। गत वर्ष ब्रोडब्याण्ड ईन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या ३.६ प्रतिशतले बढेको थियो । ब्रोडव्यान्ड सेवामा ९१.७२ प्रतिशत हिस्सा मोवाइलको, ८.२६ प्रतिशत हिस्सा फिक्स्ड वायर्डको र ०.०२ प्रतिशत फिक्स्ड वायरलेसको रहेको छ। २०८१ असार मसान्तमा कुल ब्रोडब्याण्ड इन्टरनेट सेवाको घनत्व ११६.७ प्रतिशत रहेको छ। २०८० असार मसान्तमा यस्तो घनत्व १३६.५ प्रतिशत रहेको थियो (अनुसूची तालिका २१) ।

## ५.६ विपन्न वर्ग कर्जा

२०८१ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०८० असार मसान्तको तुलनामा १४.५६ प्रतिशतले बढेर रु.३ खर्ब ६५ अर्ब पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा

४.६० प्रतिशतले ह्रास भएको थियो । कुल विपन्न वर्ग कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको अंश १५.०३ प्रतिशत, मधेश प्रदेशको अंश ११.०२ प्रतिशत, बागमती प्रदेशको अंश ४७.२६ प्रतिशत, गण्डकी प्रदेशको अंश ९.९९ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १२.१२ प्रतिशत, कर्णाली प्रदेशको अंश १.४१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ३.१६ प्रतिशत रहेको छ ।

**चार्ट ५.६ : प्रदेशगत विपन्न वर्ग कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८०/८१*

## ५.७ सहकारी क्षेत्र

समीक्षा वर्षमा हरेक प्रदेशका १० वटाका दरले नमूना छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पूँजी ६.९६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ४.०१ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा उक्त सहकारीहरुको कुल बचत १२.५५ प्रतिशतले बढेको छ भने र कुल कर्जा ०.८१ प्रतिशतले घटेको छ (अनुसूची तालिका १७ (क)) ।

**चार्ट ५.७ : नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण (रु दश लाखमा)**




*स्रोत: नमूना छनौटमा परेका सहकारी संस्थाहरु, २०८०/८१*

अघिल्लो आर्थिक वर्ष बचत २.७० प्रतिशतले बढेको थियो भने कर्जा ४.९७ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा वर्षमा सहकारी संस्थाका सदस्यको संख्या ३.९७ प्रतिशतले बढेको छ भने कर्मचारीको

संख्या १.२६ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा सदस्य संख्या ६.२९ प्रतिशत र कर्मचारीको संख्या ५.९८ प्रतिशतले बढेको थियो ।

## ५.८ शिक्षा क्षेत्र

शैक्षिक सत्र २०८० मा कुल विद्यालय संख्या ३५ हजार ८ सय ७६ पुगेको छ भने गत शैक्षिक सत्रमा सो संख्या ३४ हजार ३ सय ६८ रहेको थियो । कुल विद्यालयहरु मध्ये सामुदायिक विद्यालय २६ हजार ६ सय ६ वटा, संस्थागत विद्यालय ७ हजार ८ सय ८६ वटा र धार्मिक विद्यालय १ हजार ३ सय ८४ वटा रहेका छन् । शैक्षिक सत्र २०८० मा सबै प्रकारका विद्यालयमा कार्यरत २ लाख ८६ हजार ८८ शिक्षक रहेका छन् । यस अवधिमा कुल अध्ययनरत विद्यार्थीको संख्या ७१ लाख ४३ हजार २ सय ६२ रहेको छ (आर्थिक सर्वेक्षण, २०८०) ।

## ५.९ स्वास्थ्य क्षेत्र

आर्थिक वर्ष २०८० फागुनसम्म २ सय १५ अस्पताल, २ सय १ प्राथमिक स्वास्थ्य केन्द्र, ३ हजार ८ सय २० स्वास्थ्य चौकी, ४ सय २६ आयुर्वेदिक औषधालय, ३ हजार १ सय ९६ उपस्वास्थ्य चौकी गरी कुल ७ हजार ८ सय ५८ स्वास्थ्य संस्था रहेका छन् । यसैगरी कुल अस्पताल शैया संख्या १६ हजार ५ सय ४१ र जनशक्ति १ लाख २ हजार ६ सय ८६ रहेको छ । (आर्थिक सर्वेक्षण, २०८०) ।

## ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

घरजग्गा कारोबार शिथिल हुनु, बैंकिङ क्षेत्रको कर्जा प्रवाह बढ्न नसक्नु, प्रति व्यक्ति विदेशी पर्यटकको खर्च प्रवृत्तिमा विस्तार नहुनु, सेवा क्षेत्रका प्रमुख चुनौती रहेका छन् । वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई हुने घरजग्गा कारोबारलाई वास्तविक कारोबार मूल्य उल्लेख गर्नुपर्ने प्रणालीको विकास गर्नु, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, तुलनात्मक रुपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, भौगोलिक विकटताका बीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा सडक, स्वास्थ्य तथा शिक्षाका पूर्वाधारहरु विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बढावा ल्याउनु, प्रभावकारी भुक्तानी प्रणालीको विकास एवं विस्तार गरी आम सर्वसाधारणसम्म पहुँच पुऱ्याउनु आदि सेवा क्षेत्रका मुख्य चुनौती रहेका छन् ।

**तालिका ५.४ : सेवा क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी | • ग्रामीण क्षेत्रका सर्वसाधारणहरूमा विद्युतीय उपकरणको प्रयोग सम्बन्धी जनचेतना वृद्धि गरी विद्युतीय सेवा विस्तार गर्नु ।<br>• पहाडी तथा हिमाली जिल्लाहरूमा दक्ष चिकित्सक तथा स्वास्थ्य सेवाको स्तरोन्नती/विस्तारगरी सर्वसाधरणलाई सर्वसुलभ स्वास्थ सेवा उपलब्ध गराउनु ।<br>• यातायात, पर्यटन क्षेत्र तथा अन्य सेवामा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जा विस्तारमा कमी देखिएकोले व्यवसायीहरूको मनोबलमा वृद्धि गरी कर्जा विस्तार गर्नु । |
| मधेश | • सर्वसाधारणलाई वित्तीय सेवाको पहुँच सहज गराई मिटरब्याजीको मारबाट मुक्त गराउनु ।<br>• यस प्रदेशमा वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गराउनुका साथै, वित्तीय चेतना तथा पहुँच अभिवृद्धि गरी वित्तीय अपराध र अनौपचारिक कारोवार |

| | |
|---|---|
| | न्यूनीकरण गर्नु ।<br>• स्थानीय वासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाई सम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु । |
| बागमती | • अव्यवस्थित सहरीकरण, औद्योगीकरण र पर्यटकीय गतिविधिहरूले वातावरणीय जोखिम बढ्दै गएको सन्दर्भमा सघन सहरी क्षेत्रको रुपमा विकास भइरहेका काठमाडौं उपत्यका, चितवन, हेटौंडा जस्ता लोकप्रिय गन्तव्यहरूमा सेवा क्षेत्रको विस्तारलाई दिगो आर्थिक विकाससँग जोड्नु ।<br>• बागमती प्रदेश तथा सो प्रदेश अन्तर्गतका स्थानीय सरकारको राजस्व संकलन र खर्च वार्षिक लक्ष्यभन्दा कम हुने गरेको परिप्रेक्ष्यमा राजस्व संकलनका दायरा वृद्धि गर्नु ।<br>• अनलाइन वित्तीय कारोबार बढेसंगै साइबर अपराध तथा वित्तीय ठगीका घटनाहरू बढ्दै गएकोमा साइबर-सक्षम वित्तीय अपराधहरूबाट ग्राहकवर्ग तथा सर्वसाधारणलाई सुरक्षित राख्नु । |
| गण्डकी | • आर्थिक क्षेत्रमा देखिएको मन्दी, कित्ताकाटको समस्या, युवाहरुको विदेश पलायन, घरजग्गाको मुल्यमा भएको वृद्धि तथा वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई घरजग्गा कारोबार हुनु जस्ता कारणले राजश्व संकलनमा कमी हुनु ।<br>• कक्षा १२ पछिको उच्च शिक्षा हासिल गर्न युवाहरु विदेश जाने प्रवृत्ति हावी हुँदा शैक्षिक क्षेत्रमा विद्यार्थीहरुको सख्या घट्दै जानु ।<br>• यस प्रदेशमा पर्यटकहरुको सुरक्षा व्यवस्था, सुचना प्रविधि लगायत मौसम पूर्वानुमान जस्ता अत्यावश्यकीय सुविधाको अभावमा आकस्मिक मौसम प्रतिकुलता र वन्यजन्तुबाट आक्रमण लगायतका जोखिम न्यूनीकरण गर्नु । साथै, पोखरा बाहेकका अन्य पर्यटकीय स्थानहरूमा पर्यटकीय पूर्वाधारहरु साथै, सुचनाहरु पर्याप्त एवम् भरपर्दो नहुनु । |
| लुम्बिनी | • पहाडी जिल्लाहरुबाट शहरी क्षेत्रमा हुने बसाईसराइले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरिने सरकारी लगानीको यथोचित प्रतिफल प्राप्त गर्नु ।<br>• भैरहवा अन्तराष्ट्रिय विमानस्थल पूर्ण रुपमा संचालनमा ल्याउनु ।<br>• यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार निर्माण गर्नु तथा पर्यटकहरुको लागि सुरक्षित वातावरण निर्माण गरी गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई बसाई अवधि लम्ब्याउनु । |
| कर्णाली | • यस प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धन गर्नु । पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात लगायतका पर्यटन पूर्वाधारहरुको विकास र विस्तार मार्फत आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्नु ।<br>• पर्याप्त स्वास्थ्य/शिक्षा पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मी/शिक्षकहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य/शिक्षा सेवा प्रदान गर्नु ।<br>• भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत लगायतका पूर्वाधारहरुको विकास गर्नु । |
| सुदूरपश्चिम | • विद्युतीय सवारी साधनहरु सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु ।<br>• ग्रामीण क्षेत्रहरुमा स्वास्थ्य तथा शिक्षातर्फ दरबन्दी बमोजिम स्वास्थ्यकर्मी र |

| | |
|---|---|
| | शिक्षक/शिक्षिकाहरु व्यवस्थापन गरी सेवा प्रदान गर्नु ।<br>• सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत् स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्नु । |

## सम्भावना

सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सञ्चार माध्यम, इन्टरनेट, मोवाइल लगायतमा पहुँच बढेको, अनलाइन डेलिभरी तथा विद्युतीय भुक्तानी कारोबार फस्टाएको, यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, राहदानी सेवा, उद्योग तथा व्यवसाय दर्ता लगायतका सेवाहरु डिजिटल माध्यमबाट सञ्चालन हुन थालेका कारणले सेवाको गुणस्तरमा सुधार हुने सम्भावना रहेको छ । सुविधा सम्पन्न होटल तथा रिर्सोटको संख्यामा वृद्धि भएको, थप २ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, विद्युत् आपूर्ति सहज हुँदै गएको लगायतका कारणले पर्यटन आगमनमा वृद्धि भई पर्यटन व्यवसाय फस्टाउने सम्भावना रहेको छ । यसैगरी, साइबर सुरक्षा तथा बौद्धिक सम्पत्ति अधिकारको नीति कसिलो बनाइ कार्यान्वयन गर्न सकेमा सूचना प्रविधिमा वैदेशिक लगानी बढाउन सकिने सम्भावना रहेको छ । वण्ड, डिवेन्चर, रिट्स इक्विटि (REITs Equity) जस्ता विविध किसिमका वित्तीय उपकरणहरु जारी गरी पुँजी परिचालन गर्ने र वास्तविक क्षेत्रमा संचालित उद्योगहरुलाई वित्तीय बजारमा ल्याई पुँजी बजारलाई विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

**तालिका ५.५ : सेवा क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| कोशी | • सरकारले प्रत्येक स्थानीय निकायहरूमा अस्पताल तथा स्वास्थ्य चौकीहरूको निर्माणकार्यलाई तीव्रता दिएको तथा प्रत्येक जिल्लामा निजी अस्पताल र क्लिनिकहरू खुल्ने क्रम बढेसँगै गुणस्तरीय स्वास्थ्य सेवाहरूमा सर्वसाधारणको पहुँच विस्तार हुन सक्ने ।<br>• यस प्रदेशमा प्राकृतिक सौन्दर्य, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, भौगोलिक, साहसिक महत्वका स्थलहरूको पहिचान, समुचित प्रर्वद्धन, विकास तथा प्रचारप्रसारका साथै पर्यटन पूर्वाधार विकासमा प्रदेश सरकार तथा स्थानीय तहले उच्च प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरेकोले आगामी दिनमा पर्यटन क्षेत्र यस प्रदेशको अर्थतन्त्रको मुख्य संवाहकको रुपमा विस्तार हुन सक्ने । |
| मधेश | • मधेश प्रदेशमा अधिकांश भू-भाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सक्ने ।<br>• जनकपुर क्षेत्रमा रहेको पोखरी तथा तालतलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी तथा पर्यटन पूर्वाधारहरुको विकास गरी भारतीय पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार हुन सक्ने ।<br>• मधेश प्रदेशको ताजा माछाको लागि लोकप्रिय रहेकाले स्तरीय होटल तथा रेष्टुरेन्टमा माछाका परिकारहरुको ब्राण्डिङ गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास हुन सक्ने । |
| बागमती | • शिवपुरी राष्ट्रिय निकुञ्ज, चम्पादेवी, नमोबुद्ध, फुलचोकी डाँडा, सुन्दरीजल, नगरकोट, पाइलट बाबा आश्रम र सेतो गुम्बा जस्ता छोटा र रमाइला हाइकिङ रुटहरुलाई व्यवस्थित र सुरक्षित बनाउन सके व्यस्त काठमाडौं उपत्यकाका बासिन्दाहरुलाई यी |

| | |
|---|---|
| | पदमार्गतर्फ आकर्षित गर्न सकिने । <br>• लाङटाङ र मनास्लु पदमार्गको बीचमा रहेको रुबी भ्याली, रसुवाको गोसाइँकुण्ड र लाङटाङ, सिन्धुपाल्चोकको पाँच पोखरी जस्ता प्रसिद्ध पदमार्गहरुलाई व्यवस्थित बनाउन सकेमा विदेशी तथा स्वदेशी पर्यटकहरुलाई अझ आकर्षण गर्न सकिने । <br>• सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा तथा हेरचाह प्रदान गर्दै विश्वभरका स्वास्थ्य पर्यटकहरूलाई आर्कषित गरी विश्व मेडिकल टुरिजम क्षेत्रमा फड्को मार्न सकिने । |
| गण्डकी | • उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकाले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले पर्यटकहरूको आगमनमा उल्लेख्य वृद्धि हुन सक्ने । <br>• यस प्रदेशमा रहेको गण्डकी विश्वविद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/ अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सके तथा मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेजमा बाह्य मुलुकहरूबाट समेत विद्यार्थी आकर्षित गर्न सकेमा यस प्रदेशमा शैक्षिक क्षेत्रको विकास गर्न सकिने । <br>• नेपाल सरकारले कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको तथा गण्डकी प्रदेश आफैमा उत्कृष्ट पर्यटकीय गन्तव्य भएकाले सुविधासम्पन्न होटल तथा लजहरु लगायत पर्यटकीय पूर्वाधारहरुको विकास र विस्तार गर्न सकेमा पर्यटनबाट रोजगारी, आय बढाउन सकिने । |
| लुम्बिनी | • नेपाल सरकारले बजेट मार्फत घोषणा गरेका विभिन्न कार्यक्रमहरु जस्तै लुम्बिनीलाई बर्थिङ हव, बुटवल-भैरहवा कोणमा धार्मिक पर्यटन र बुटवलमा सूचना प्रविधि पार्क निर्माण गर्ने कार्यक्रम राखिएको हुँदा यस प्रदेशमा सेवा क्षेत्रको उल्लेखनीय वृद्धि हुन सक्ने । <br>• आधारभूत पूर्वाधार विकास गरी राप्ती तथा कालीगण्डकी नदीमा र्‍याफ्टिङ्ग, ग्रामीण क्षेत्रमा ट्रेकिङ, पर्वतारोहण, तथा साइकल यात्रा सम्बन्धी पूर्वाधारहरु निर्माण हुन सकेमा साहसिक पर्यटनको प्रवर्द्धन गर्न सकिने । <br>• तिलौराकोट, लुम्बिनी र देवदह क्षेत्रहरुमा थप पूर्वाधारहरु निर्माण गरी धार्मिक तथा सांस्कृतिक पर्यटनको रुपमा विकास गर्न सकेमा आन्तरिक एवम् वाह्य पर्यटकहरुको आगमनमा वृद्धि हुने । |
| कर्णाली | • यस प्रदेशमा रारा ताल, शे-फोक्सुण्डो ताल, स्यार्पु ताल, कुभिण्डे दह, पचाल झरना, काँक्रेविहार, सिँजा सभ्यता र पञ्चकोशी लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मीक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र विस्तार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न सकिने । <br>• सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार हुन गई आय तथा रोजगारी बढ्न सक्ने । <br>• बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले घरेलु, साना तथा मझौला उद्योगहरुको विकास हुने क्रम बढ्दो रहेकोले सो क्षेत्रमा उच्च रुपमा कर्जा विस्तार हुन सक्ने । |

| | |
|---|---|
| सुदूरपश्चिम | • जनसंख्याको अनुपातमा कर्जा लगानी वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।<br>• कैलालीको गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना भएपश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।<br>• यस प्रदेशमा सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा समेत उल्लेख्य विकास भएकाले आधुनिक प्रविधिको प्रयोगमार्फत् सेवा क्षेत्रलाई थप Digital Business मार्फत चलायमान बनाउन सकिने । |

## परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्रअन्तर्गत प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको अवस्था विश्लेषण गरिएको छ ।

### सडक

आर्थिक वर्ष २०८०/८१ मा ७५६ कि.मि. कालोपत्रे सडक, ३२८ कि.मि. ग्राभेल सडक, १६७ कि.मि. नयाँ ट्र्याक निर्माण भएको छ भने ६५१ कि.मि. सडक मर्मत भएको छ ।

**तालिका ६.१: सडकको हालसम्मको प्रगति विवरण (कि.मी.)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|
| कालोपत्रे | १४६९५ | १५४२४ | १६६१४ | १७२३२ | १८०५२ | १८८०८ |
| ग्राभल | ८५९४ | ८६२२ | ८१७१ | ७८८८ | ८५१६ | ८८४४ |
| कच्ची सडक | ९५९० | ९१९८ | ८९३१ | ८८७६ | ९०४३ | ९२१० |
| **जम्मा** | **३२८७९** | **३३२४४** | **३३७१६** | **३३९९६** | **३५६११** | **३६८६२** |

*स्रोत: सडक विभाग, २०८०/८१*

### अरुण तेस्रो जलविद्युत परियोजना

अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत दुई वटा आयोजनाहरु अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) रहेका छन् । दुवै आयोजनाको कुल अनुमानित लागत रु.१ खर्ब ४५ अर्ब रहेको छ । ९०० मे.वा. कुल विद्युत उत्पादन क्षमता रहेको यस आयोजनाको निर्माण कार्य वि.स. २०७५ वैशाखबाट प्रारम्भ भई वि.स. २०८२ असोज सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । २०८१ असार मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५.४० प्रतिशत र ६९.०४ प्रतिशत रहेको छ । अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारणलाइन निर्माणको २१७ किलोमिटर लम्बाई रहेको छ र यस आयोजनाको निर्माण कार्य वि.स. २०७६ माघबाट प्रारम्भ भई वि.स. २०८२ असोजमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८१ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ३८.३९ प्रतिशत र ६४.२९ प्रतिशत रहेको छ ।

### जयनगर-जनकपुर-भंगहा रेल्वे

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-भंगहा रेल्वेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई भंगहासम्म सञ्चालनमा आएको छ । उक्त रेल सेवा हाल भंगहा-जयनगर दैनिक एक पटक र जनकपुर-जयनगर दैनिक तीन पटक संचालन हुने गरेको छ । हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको भंगहा, कुर्थाबाट, जनकपुर, परवाहा, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमा स्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ५१.१३६ कि.मी. रहेको छ । कुर्था-विजलपुरा सम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को जुलाई १६ देखि सञ्चालनमा आएको छ । सन् २०१४ देखि निर्माण शुरु भएको यस आयोजनाको प्रारम्भिक लागत अनुमान भा.रु.७ अर्ब १२ करोड रहेकोमा हाल संशोधित लागत अनुमान बढेर भा.रु.१२ अर्ब पुगेको छ ।

**बुढीगण्डकी जलविद्युत आयोजना**

गोरखा जिल्लामा १२०० मेगावाट क्षमताको जलाशययुक्त यस जलविद्युत आयोजनाको सुरुवात आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १० प्रतिशतमात्र भौतिक प्रगति भएको छ भने करिव १६.५५ प्रतिशत वित्तीय प्रगति भएको छ। यस परियोजना अन्तर्गत हालसम्म यस आयोजनाले केन्द्रीय तथा फिल्ड कार्यालयको स्थापना गरेको छ, विद्युत उत्पादनको लागी सर्वेक्षण अनुमतिपत्रको दरखास्त पेश गरेको छ, विस्तृत इन्जिनियरिङ्ग अध्ययन प्रतिवेदन तयार भएको छ र मुआब्जा वितरणको कार्य भईरहेको छ।

**सिद्धबाबा सुरुङ मार्ग योजना**

सिद्धार्थ राजमार्गको बुटवल–पाल्पा सडक खण्डमा पर्ने सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality मा निर्माण व्यवसायी श्री China State Construction Engineering Co. Ltd, China सँग ठेक्का सम्झौता भएको छ। जस अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २४०० मि. सडक चौडा गरी सुधार गर्ने कार्य पर्दछ। यस आयोजनाको २०८१ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १५ प्रतिशत र २३.८ प्रतिशत रहेको छ।

**दोधारा-चाँदनी सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकी**

नेपाल सरकारको २०८०/८१ को नीति तथा कार्यक्रममा तीन वर्षभित्र दोधारा चाँदनी सुख्खा बन्दरगाह निर्माण गरिने उल्लेख छ। दोधारा चाँदनीमा सुख्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकी निर्माणसँगै सुदूरपश्चिम प्रदेशमा विकासको ढोका खुल्ने आशा गरिएको छ। दोधारा चाँदनी नगरपालिकाको गौरीशङ्कर र मायापुरी सामुदायिक वन क्षेत्रको २ सय ८० बिघा जमिन अधिग्रहण गरी सुख्खा बन्दरगाह निर्माण हुनेछ। झन्डै रु. ६ अर्ब लागतमा चाँदनी दोधारामा एकीकृत भन्सार जाँच चौकी (आइसिपी) निर्माण हुनेछ। निर्माण पश्चात् भारतको दिल्ली, गुजरात लगायतबाट सुख्खा बन्दरगाहबाट सोझै सुदूरपश्चिममा विभिन्न सामान आयात तथा निर्यात गर्न सकिनेछ।

## ६.२ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति र समीक्षा वर्षको अन्तसम्मको भौतिक र वित्तीय प्रगति विवरण प्रतिवेदनको अनुसुची (क) मा प्रस्तुत गरिएको छ।

## ६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु, पूर्व निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नु, निर्माणमा गुणस्तर र पूर्वाधार विकासमा तीव्रता कायम गर्नु जस्ता चुनौती लामो समयदेखि विद्यमान रहेका छन्। निमार्णाधीन पूर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु, सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माणसम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वय कायम गर्नु, भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको पहिचान, मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीय अवरोधको दीर्घकालीन समाधान खोज्नु चुनौतीपूर्ण रहेको छ। साथै, आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चितता गर्नु, कार्यसम्पादनमा आधारित नतिजामुखी पूर्वाधार आयोजना व्यवस्थापन गर्नु, पूर्वाधार निर्माणको क्रममा हुने

वन विनास र पानीका प्राकृतिक स्रोतमा हुने क्षति न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु, सम्पन्न पूर्वाधारहरुको समय समयमा अनुगमन तथा मर्मत सम्भार गर्नु, राष्ट्रिय गौरवका आयोजना, रुपान्तकारी आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरण समयमा आपूर्ति गर्नु जस्ता चुनौतीहरु पनि विद्यमान रहेका छन् ।

**तालिका ६.२ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी | • हालैको अविरल बर्षाले गर्दा भएको बाढी तथा पहिरोले यस प्रदेशमा निर्माणाधीन ठुला आयोजनाहरूमा भएको क्षतिको कारण निर्धारित समयमै आयोजनाहरू सम्पन्न गर्नु ।<br>• पर्यटकलाई आकर्षण गर्न तथा बसाई अवधि लम्बाउन पर्यटक लक्षित आवश्यक पूर्वाधारहरूको निर्माण गर्नु ।<br>• निश्चित मापदण्ड विना पूर्वाधारका आयोजनाको छनोट गर्ने र आवश्यक पूर्व तयारीबिना कार्यान्वयनमा लैजाने हालको परिपाटीलाई बन्द गरी प्रदेशस्तरमा पनि परियोजना बैंकको अवधारणाको अनुसरण तथा कार्यान्वयन गर्नु । |
| मधेश | • पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गरी रोजगारी सिर्जना गर्नु ।<br>• पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायीको क्षमता अभिवृद्धि गर्नु । |
| बागमती | • कठिन भौगोलिक बनावट, उच्च लागत तथा सिमित वित्तीय स्रोतबाट सर्वसुलभरुपमा गुणस्तरीय पूर्वाधार निर्माण गर्नु ।<br>• पूर्वाधार निर्माण तथा उपयोगमा निजी क्षेत्रको सहभागितामा वृद्धि गरी पूर्वाधारको संरक्षण एवम् सम्वर्द्धनमा निजी क्षेत्र स्वयम्लाई उत्तरदायी बनाउनु ।<br>• संघ, प्रदेश तथा स्थानीयस्तरमा विनियोजित बजेटलाई प्रदेशका साझा पूर्वाधारका आयोजनाहरु जस्तै प्रदेश गौरव आयोजनाको रुपमा रहेको रुबी भ्याली एकीकृत विकास आयोजनाको निर्माणमा लगाउनु । |
| गण्डकी | • सडक, सिँचाइ, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभाव हुनु ।<br>• सार्वजनिक क्षेत्रबाट पूर्वाधार क्षेत्रमा भएको लगानीको गुणस्तर प्रवर्द्धन गर्न, दिगोपना बढाउन, सामाजिक सहयोग परिचालन गर्न र संस्थागत सुशासन कायम गर्नका लागि नीति प्रभावकारिताको अभाव हुनु । |
| लुम्बिनी | • देशकै मुख्य सडक नारायणघाट-बुटवल, बुटवल-गोरुसिंगे र भालुबाङ-लमही सडक खण्डको स्तरोन्नति गरी पूर्ण रुपमा सुचारु गर्नु ।<br>• विगत लामो समयदेखि सुरु भएका सिंचाइ आयोजनाहरु सम्पन्न गरी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु ।<br>• शहरी बस्तीलाई व्यवस्थित गर्दै अत्यावश्यक पूर्वाधारहरु निर्माण गर्नु । |
| कर्णाली | • कर्णाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु ।<br>• विद्युत् आयोजनाहरुमा लगानी आकर्षित गर्नु र निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रता दिनु । |

| | |
|---|---|
| | • लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु । |
| सुदूरपश्चिम | • ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको जोहो गर्नु ।<br>• प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु ।<br>• उद्योग सञ्चालन प्रोत्साहनका लागि भरपर्दो विद्युतीय सेवाको उपलब्धता दुर्गम क्षेत्रमा समेत गराउनु । |

## सम्भावना

देशमा जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना देखिन्छ । जलविद्युत, सिमेन्ट, डण्डी उत्पादनमा देश आत्मनिर्भर उन्मुख रहेको, सरकारले सिँचाई, सडक, विमानस्थल लगायतका पूर्वाधार निर्माण दीर्घकालीन सोँचका साथ प्राथमिकतामा राखेको, विद्युत प्रसारण लाइन र सडक सञ्जाल विस्तार आयोजना अघि बढेको, पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको प्राथमिकतामा रहेको लगायतका कारणहरुले पूर्वाधार क्षेत्रको विकासले गति लिने सम्भावना देखिन्छ। साथै, आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार विकास क्षेत्रलाई सरकारले प्राथमिकतामा राखेका कारण पूर्वाधार निर्माणले गति लिने सम्भावना देखिन्छ ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी | • यस प्रदेशका नदीहरूबाट जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेकोले विद्युत उत्पादन गरी स्वदेशमा उर्जा आपूर्ति गर्न तथा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने ।<br>• यस प्रदेशमा निर्माणाधीन रहेका पुष्पलाल मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, कोशी राजमार्ग जस्ता सडक आयोजनाको निर्माण सम्पन्न भए पश्चात बजारसम्मको कनेक्टिभिटीमा सुधार आउने भएकोले ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप बढ्ने तथा ग्रामीण भेगका स्थानीय उत्पादनहरूको बजारिकरण सहज हुने । |
| मधेश | • मधेश प्रदेशमा उपलब्ध भौगोलिक सुगमता तथा आर्थिक रुपले सक्रिय जनशक्तिको सदुपयोग गर्दै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने ।<br>• समथल धरातलीय स्वरुप र भौगोलिक सुगमताको कारणले यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न र शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने ।<br>• सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासको सदुपयोग गरी औद्योगिक क्रियाकलापमार्फत् आर्थिक वृद्धि गर्न सकिने । |
| बागमती | • देशकै गौरव आयोजनाको रुपमा रहेको रुबी भ्याली एकीकृत विकास आयोजनालाई प्रदेश सरकारको बजेट सहितको कार्य अगाडि बढाई त्यस क्षेत्रमा सडक, बिजुली, होमस्टे लगायतका पूर्वाधारहरु निर्माण गर्न सकिने ।<br>• प्रदेश भित्रका शहरी तथा शहरोन्मुख क्षेत्रमा फुटपाथ निर्माण, साइकल लेन, बगैँचा, फ्लाई ओभर लगायतका पूर्वाधार निर्माण गर्न सकिने ।<br>• प्रदेशका विकट क्षेत्रबाट शहरी इलाकासम्म सर्वसुलभ यात्रा गराउन इलेक्ट्रिक बस, |

| | |
|---|---|
| | चार्जिङ स्टेसन, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरुको निर्माण गर्न सकिने । |
| गण्डकी | • गण्डकी प्रदेश अन्तर्गत संचालन भएका र हुनसक्ने आयोजनाहरूको विस्तृत अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोगलाई परियोजना बैंकको रुपमा स्थापना गरी पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित तथा प्राथमिकीकरण गर्न सकिने ।<br>• गण्डकी प्रदेशमा निर्माणाधीन कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग जस्ता राष्ट्रिय गौरवका सडकहरुको निर्माण कार्य सम्पन्न गर्न सकेमा यस प्रदेशको आर्थिक, व्यापारिक एवम् सामाजिक विकासमा महत्वपूर्ण हुने । |
| लुम्बिनी | • यस प्रदेशमा गिट्टी, बालुवा, सिमेन्ट, फलामे छड लगायतका निर्माण सामाग्रीको प्रशस्त सम्भावना रहेकाले  न्यून लागतमा गुणस्तरीय पूर्वाधार निर्माण हुन सक्ने ।<br>• यस प्रदेशका तराई क्षेत्रमा विद्युतीय सवारी साधनहरुका लागि चाहिने पूर्वाधारहरु निर्माण गरी विद्युतीय सवारी साधन संचालन गर्न सकेमा पेट्रोलियम पदार्थको प्रतिस्थापन हुन सक्ने । |
| कर्णाली | • दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेकोले सोको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने ।<br>• सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा प्रदेशको पर्यटन विकास गर्न सकिने ।<br>• यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत् उत्पादनका साथै सिँचाई सुविधाको बिस्तार गर्न सकिने । |
| सुदूरपश्चिम | • राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा वसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुने ।<br>• कृषि सहकारी वा कृषक समूहको माध्यमबाट जमिनलाई एकिकरण वा लिजमा लिएर कृषि पकेट क्षेत्रहरूको विकास गरेमा आधुनिक कृषि कार्य गर्न सकिने । |

## परिच्छेद ७

# बाह्य क्षेत्र र रोजगारी

### ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यातमा ३ प्रतिशतले कमी आई रु.१ खर्ब ५२ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो। गन्तव्यका आधारमा भारत र अन्य मुलुकतर्फ क्रमश: ३.३ र ४.३ प्रतिशतले निर्यातमा कमी आएको छ भने चीनतर्फ ४६.६ प्रतिशतले निर्यात वृद्धि भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु आयातमा १.२ प्रतिशतले कमी आई रु.१५ खर्ब ९२ अर्ब ९८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा समिक्षा वर्षमा भारत तथा अन्य मुलुकबाट भएको आयातमा क्रमश: ३.० प्रतिशत, १७.६ प्रतिशतले कमी आएको छ भने चीनबाट हुने आयातमा ३४.२ प्रतिशतले बृद्धि भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यात र आयातमा भारतको हिस्सा बढी रहेको छ। कुल वस्तु निर्याततर्फ भारतको हिस्सा ६७.७ प्रतिशत र चीनको हिस्सा १.७ प्रतिशत रहेको छ। त्यसैगरी, कुल वस्तु आयातर्फ भारतको हिस्सा ६२.६ प्रतिशत र चीनको हिस्सा १८.८ प्रतिशत रहेको छ।

**तालिका ७.१ : आर्थिक वर्ष २०८०/८१ मा नेपालको आयात निर्यात स्थिति**

| निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|
| **देश** | **रु. अर्बमा** | **प्रतिशत** | **देश** | **रु. अर्बमा** | **प्रतिशत** |
| भारत | १०३.१८ | ६७.७१ | भारत | ९९६.६८ | ६२.५७ |
| अमेरिका | १७.३१ | ११.३६ | चीन | २९८.७७ | १८.७६ |
| जर्मनी | ४.४५ | २.९२ | युएई | २९.०९ | १.८३ |
| बेलायत | ३.०८ | २.०२ | अमेरिका | १९.४८ | १.२२ |
| चीन | २.५९ | १.७० | युक्रेन | १८.८९ | १.१९ |
| युएई | २.५८ | १.६९ | मलेसिया | १७.९२ | १.१२ |
| अन्य | १९.१९ | १२.६० | अन्य | २१२.१५ | १३.३१ |
| **कुल** | १५२.३८ | १००.०० | **कुल** | १५९२.९८ | १००.०० |

*स्रोत: भन्सार विभाग, २०८१*

आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु व्यापार घाटा ०.९६ प्रतिशतले घटी रु.१४ खर्ब ४० अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १५.५ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.६ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.७ प्रतिशत रहेको थियो।

**तालिका ७.२ : आर्थिक वर्ष २०८०/८१ को आयात र निर्यातको संरचना (प्रतिशत)**

| क्र. सं. | विवरण | २०७९/८० | | २०८०/८१ | |
|---|---|---|---|---|---|
| | | आयात | निर्यात | आयात | निर्यात |
| १ | कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थ | २१.९ | ४३.३ | १९.३ | ३१.९ |
| २ | खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधन | २७.५ | ०.९ | २७.१ | १.५ |
| ३ | निर्माण, आवास, काठ तथा फर्निचर, आधारभुत धातु, विद्युतीय उपकरण | १३.९ | ८.८ | १४.५ | १५.३ |
| ४ | कपडा, छाला, जुत्ता, गहना | ९.४ | ३४.५ | ९.३ | ३४.८ |
| ५ | यातायात, उपकरण, हुलाक सेवा | १४.४ | ८.२ | १६.४ | ११.५ |
| ६ | आइटी, मिडिया, कम्प्युटर, वित्तीय सेवा | ५.१ | ०.७ | ४.९ | ०.८ |
| ७ | स्वास्थ्य, शिक्षा तथा खेलकुद | ७.३ | ३.६ | ७.९ | ४.२ |
| ८ | सरकार, सेना तथा अन्य | ०.५ | ०.० | ०.६ | ०.० |
| | **जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत : भन्सार विभाग, २०८१*

आर्थिक वर्ष २०८०/८१ को कुल निर्यातमा कपडा, छाला, जुत्ता, गहनाको हिस्सा सबैभन्दा बढी (३४.८ प्रतिशत) रहेको छ भने आयातमा खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधनको हिस्सा सबैभन्दा बढी ( २७.१ प्रतिशत) रहेको छ (तालिका ७.२) । आयातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा १९.३ प्रतिशत र यातायत, उपकरण, हुलाक सेवाको हिस्सा १६.४ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा रु.२ खर्ब ५२ अर्ब २ करोडको कृषिजन्य वस्तु आयात भएको छ भने रु.२९ अर्ब ३१ करोडको कृषिजन्य वस्तु निर्यात भएको छ (तालिका ७.३) । कृषिजन्य वस्तुको आयाततर्फ धानको हिस्सा सबैभन्दा धैरे २०.६४ प्रतिशत रहेको देखिन्छ भने निर्याततर्फ मसलाजन्य वस्तुको हिस्सा सबैभन्दा धैरे ३२.९२ प्रतिशत रहेको देखिन्छ। यसका अतिरिक्त बोसो तथा तेल, तरकारी तथा दलहन, पशुपन्छीको आहारा, नट्स तथा फलफूल र मकै क्रमशः आयात रकमको आधारमा दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैठौं स्थानमा रहेका छन् । यसैगरी, बोसो तथा तेल, जुट तथा अन्य वनस्पती रेशा, चिया, तरकारी तथा दलहन र चिनीको निर्यात क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैठौं स्थानमा रहेका छन् ।

**तालिका ७.३ : कृषिजन्य वस्तु आयात निर्यातको अवस्था**

(रु. दश लाखमा)

| वस्तुको नाम | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | |
|---|---|---|---|---|
| | आयात | निर्यात | आयात | निर्यात |
| बोसो तथा तेल | ८६८१८.८ | २९४४९.७ | ४८२७४.७ | ८७३१.२ |
| मसला | ८३१५.३ | १०००६.१ | १०७४९.० | ९६६८.८ |
| पशुपन्छीको आहारा | २००८३.१ | ६८२९.४ | २७३४७.९ | ०.० |
| जुट तथा अन्य वनस्पती रेशा | ४९२१.४ | ५१९३.२ | ३९८२.१ | ३९३३.८ |
| चिया | १२९.२ | ३९३७.३ | ३७.८ | ३६२५.० |
| नट्स तथा फलफुल | २०५६३.१ | ६४.९ | २३४४५.८ | ३५.० |
| तरकारी तथा दलहन | ३१८७२.५ | ७४६.० | २८३१४.३ | ८२८.६ |
| छाला | ७९.४ | ४५७.८ | १२५.३ | ४२२.० |
| कफी | ३२५.९ | १३०.४ | ४१९.८ | १४९.३ |
| सुर्ती तथा सुर्तीजन्य उत्पादन | ३५५८.४ | ११९.८ | ५२९६.३ | १५०.३ |
| दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादन | २५५४.८ | १६३.९ | २५१२.७ | १५९.४ |
| चिनी | ५०२८.५ | १५०.५ | ४०५४.३ | ५९६.१ |

| वस्तुको नाम | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | |
|---|---|---|---|---|
| | आयात | निर्यात | आयात | निर्यात |
| पिठो, मैदा, सुजी, च्याँख्ला आदि | २९२६.० | ४९८.९ | २५२१.८ | ४३७.६ |
| मासु | २४.८ | १७.१ | ८.३ | ३२.२ |
| ऊन | ४८५१.७ | ८.९ | ५५५३.३ | ७.६ |
| कपास | १०२७८.८ | २.२ | ११३२१.७ | १६६.६ |
| जीवित बोटविरुवा तथा फूलहरु | २८३.६ | ५.४ | २२५.९ | ६.४ |
| मकै | १७१७३.६ | ०.५ | १४८९८.० | ७१.४ |
| धान | ३६६६३.२ | ०.२ | ५२०२६.९ | ०.० |
| गहुँ | २००८.८ | ०.१ | ७८००.४ | ०.० |
| जिवित जन्तु | ९१०.३ | ०.० | ८७९.० | ०.९ |
| माछा तथा अन्य जलचर | १०३०.४ | ०.४ | १३५०.२ | ०.६ |
| रेशम | ७०१.५ | ०.० | ७८६.५ | २९४.१ |
| तयारी माछामासु | १२३.७ | ०.० | ९५.७ | ०.० |
| जौ | २७.७ | ०.० | ०.० | ०.० |
| **जम्मा** | **२६१२५४.५** | **५७७८२.६** | **२५२०२७.८** | **२९३१६.९** |

*स्रोत : भन्सार विभाग, २०८१*

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ। यसैगरी, कोशी प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ। गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ (तालिका ७.४)।

**तालिका ७.४ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| कोशी | भद्रपुर, विराटनगर, मेची, सुनसरी, पशुपतीनगर | २१५.५७ | ५५.५९ |
| मधेश | वीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी | ७६६.७५ | ४१.३२ |
| बागमती | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल, चोभार | २४७.४५ | ३६.१० |
| गण्डकी | त्रिवेणी, पोखरा | ०.२८ | ०.०० |
| लुम्बिनी | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली, गौतम बुद्ध विमानस्थल | ३३७.९२ | १८.५३ |
| सुदूरपश्चिम | कैलाली, कञ्चनपुर, सत्ती | २५.०२ | ०.८५ |
| **जम्मा** | | १,५९२.९८ | १५२.३८ |

*स्रोत : भन्सार विभाग, २०८१*

आर्थिक वर्ष २०८०/८१ मा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, मेसीनरी उपकरण तथा पाटपुर्जा, सवारी साधन तथा पाटपुर्जा, औषधी, सुन, फलाम, विद्युतीय उपकरण, सञ्चार उपकरण, रसायनिक मल, सुन आदि रहेका छन्। समीक्षा वर्षमा निर्यात गरिएका मुख्य वस्तुहरुमा जिङ्कको पाता, पोलिस्टर धागो, गलैंचा, जुस, अलैंची, पार्टिकल बोर्ड, जुटका सामान, पाम तेल, तयारी पोशाक, चिया, पश्मिना आदि रहेका छन् (तालिका ७.५)।

**तालिका ७.५ : भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| कोशी | फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, पेट्रोल, डिजल, एल.पी.ग्यौंस, कच्चा पाम तेल, सुर्यमुखीको कच्चा तेल, भटमासको कच्चा तेल, फलाम वा इस्पातका अर्ध-तयारी उत्पादन, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, शुरु अवस्थाको पोलिप्रोपिलिन, जुट, मकै आदि । | भटमासको तेल, पाम तेल, जुट वा अन्य टेक्सटाइल बेस फाइबरको बुनेको कपडा, अलैंची, चिया, बुनिएका कपडा, धागो आदि । |
| मधेश | डिजल, पेट्रोल, एल.पी.ग्यौंस, औषधि, ए.टी.एफ., फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, सुर्यमुखीको कच्चा तेल, धान आदि । | भटमासको तेल, पाम तेल, जुस, सूर्यमूखीको दाना तथा तेल, धागो, बुनिएका पोलिस्टर, कपडा, कपडाको जुत्ता, मसलाजन्य वस्तुहरु आदि । |
| बागमती | सुन, सेलुलर, विद्युतीय सवारी साधन, हवाईजहाज र सम्बन्धित उपकरण, ल्यापटप मेडिकल औजार तथा उपकरण, स्याउ आदि । | गलैंचा, फेल्टका सामान, पश्मिना, कुकुर/बिरालोको खाना, कस्मिरको तयारी पोसाक, सिरेमिक काँचका सामानहरु, सूतीको तयारी पोसाक, सांगितिक बाद्ययन्त्र, आदि । |
| लुम्बिनी | डिजल, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, एल.पी.ग्यौंस, सेलुलर टेलिफोन, कोइला, पेट्रोल, विद्युतीय सवारी साधन, मोटरसाईकल, चामल आदि । | पोलिस्टर धागो, भटमासको तेल, रोजिन र रेजिन अम्ल, पाम ओलिन, कथ्था, धागो आदि । |
| सुदूरपश्चिम | डिजल, पेट्रोल, एल.पी.ग्यौंस, दालमोठ भुजिया, कागज तथा बोर्ड, महिला पोसाक, बिटुमिन, ए.टि.एफ. आदि । | रोजिन र रेजिन अम्ल, कत्था, अन्य तेल आदि । |

*स्रोत : भन्सार विभाग, २०८१*

## ७.२ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा २ लाख १४ हजार ३७ जनाले रोजगारी पाएका छन् (तालिका ७.६) ।

**तालिका ७.६ : २०८१ असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण तालिका**

| प्रदेश | आंशिक रोजगारी | पूर्ण रोजगारी | रोजगारीमा खटिएका संख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| कोशी | ७९,००७ | १३,२३४ | ९२,२४१ | १८,२७० |
| मधेश | ३२,९१० | २,१७२ | ३५,०८२ | १७,४६९ |
| बागमती | २७,०९३ | १,२३८ | २८,३३१ | ७२,०११ |
| गण्डकी | ९,०६४ | ३,५४१ | १२,६०५ | २५,४७५ |
| लुम्बिनी | ३७,५०५ | ३,८२२ | ४१,३२७ | २७,२५४ |
| कर्णाली | १,६८१ | १९२ | १,८७३ | १४,६७१ |
| सुदूरपश्चिम | २,०२२ | ५५६ | २,५७८ | १८,१५९ |
| **जम्मा** | **१,८९,२८२** | **२४,७५५** | **२,१४,०३७** | **१,९३,३०९** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८१*

प्रदेशगत रुपमा तुलना गर्दा कोशी प्रदेशबाट सवैभन्दा बढी ९२ हजार २ सय ४१ जना व्यक्तिहरुले रोजगार प्राप्त गरेका थिए भने कर्णाली प्रदेशबाट सवैभन्दा कम १ हजार ८ सय ७३ जनाले रोजगार प्रप्त गरेको देखिन्छ ।

## वैदेशिक रोजगारी

कोभिड-१९ को प्रभावमा कमी आएसँगै वैदेशिक रोजगारीको अवसरमा वृद्धि आएको छ । वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०८०/८१ मा पुनःश्रम स्वीकृति समेत जारी गरिएको कुल ७,४१,२९७ श्रम स्वीकृतिमध्ये मधेश प्रदेशको सबैभन्दा बढी १,७२,८६१ र कर्णाली प्रदेशको सबै भन्दा कम २४,१७५ रहेका छन् (तालिका ७.७) ।

**तालिका ७.७ : आर्थिक वर्ष २०८०/८१ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण**

| प्रदेश | पुनः श्रम स्वीकृतिबाहेक | | | पुनः श्रम स्वीकृति समेत | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| कोशी | ८३०६४ | १७००१ | १०००६५ | १३७०५२ | २३६२० | १६०६७२ |
| मधेश | ९७१९६ | २९४७ | १००१४३ | १६८९६२ | ३८९९ | १७२८६१ |
| बागमती | ६०९६४ | २११४३ | ८२१०७ | ९१९४३ | २९०७८ | १२१०२१ |
| गण्डकी | ४९०७६ | ७८१५ | ५६८९१ | ९१७१० | ९९६६ | १०१६७६ |
| लुम्बिनी | ७१४१३ | ७०९९ | ७८५१२ | १२११३५ | ९४५२ | १३०५८७ |
| कर्णाली | १७०८९ | १५८१ | १८६७० | २२३०९ | १८६६ | २४१७५ |
| सुदूरपश्चिम | २१७४३ | १९७१ | २३७१४ | २८०१४ | २२९१ | ३०३०५ |
| **जम्मा** | **४००५४५** | **५९५५७** | **४६०१०२** | **६६११२५** | **८०१७२** | **७४१२९७** |

*स्रोतः वैदेशिक रोजगार विभाग, २०८१*

दक्षताको आधारमा तुलना गर्दा आर्थिक वर्ष २०८०/८१ मा जारी गरिएका कुल ७,४१,२९७ श्रम स्वीकृतिमध्ये १९.६ प्रतिशत श्रम स्वीकृति अदक्ष कामदारको लागि जारी गरिएको पाइएको छ (तालिका ७.८) । यसैगरी, ७१.८ प्रतिशत दक्ष कामदार र ८.१ प्रतिशत अर्धदक्ष कामदारले श्रम स्वीकृति लिएको पाइएको छ ।

**तालिका ७.८ : दक्षताको आधारमा आ.व. २०८०/८१ मा जारी श्रम स्वीकृति संख्या**

| क्र.सं. | प्रकृति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | उच्चसीपयुक्त | ५३७ | १९५ | ७३२ |
| २. | पेशागत | २,४०७ | ३६५ | २,७७२ |
| ३. | अर्धदक्ष | ५३,४५७ | ६,६६६ | ६०,१२३ |
| ४. | दक्ष | ४,८१,८७० | ५०,२५३ | ५,३२,१२३ |
| ५. | अदक्ष | १,२२,८५४ | २२,६९३ | १,४५,५४७ |
| **कूल जम्मा** | | **६,६१,१२५** | **८०,१७२** | **७,४१,२९७** |

*स्रोतः वैदेशिक रोजगार विभाग, २०८१ ।*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### चुनौती

व्यापार घाटामा नियन्त्रण गर्नु, आन्तरिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु, खाद्यान्नको आयात प्रतिस्थापन गर्नु, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्नु, भारतसँगको खुला सीमालाई व्यवस्थित बनाउनु, भारतसँगको व्यापारलाई औपचारिक माध्यममा ल्याउनु, निर्यात गर्ने वस्तुहरुको देशगत विविधीकरण गर्नु, पर्याप्त विदेशी मुद्रा सञ्चितिको व्यवस्थापन गर्नु आदि वाह्य क्षेत्रका चुनौतीका रुपमा रहेका छन् । यसैगरी रुस-युक्रेन युद्ध तथा इजराइल-हमास युद्धका कारण विश्व व्यापार थप अस्तव्यस्त हुनु, उक्त कारणले खाद्य पदार्थ तथा पेट्रोलियम पदार्थको आपुर्ति श्रृङ्खलामा प्रभाव पर्नु र वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुको आर्थिक वृद्धि कम रहेकोले वैदेशिक रोजगारी क्षेत्रमा प्रभाव पर्नु जस्ता चुनौतीहरु पनि देखिएका छन । साथै, वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता अभिवृद्धि गर्नु, औपचारिक प्रणालीमार्फत् विप्रेषण भित्र्याउनु, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, लगानीयोग्य वातावरण सृजना गर्नु, आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्नु, सरकारद्वारा ल्याइएका रोजगार कार्यक्रममा वास्तविक वेरोजगार व्यक्तिको पहिचान गरी रोजगारी दिने व्यवस्था गर्नु आदि रोजगारीका चुनौती रहेका छन् । मालवस्तुको यथार्थ मूल्याङ्कन गर्नु, घोषणा भएकै मालवस्तु आयात भएको नभएको निक्र्यौल गर्नु, निर्यात गरिने वस्तुको सम्बन्धित देशमा मालवस्तु पैठारी गर्ने सम्बन्धी कानुनमा परिणात्मक वन्देज रहे/नरहेको एकिन गर्नु जस्ता चुनौतीहरु भन्सार प्रशासनमा समेत देखिएका छन् ।

### सम्भावना

निर्यात प्रर्वद्धन गर्न प्राथमिकतामा परेका उद्योगहरुलाई नगद अनुदानको व्यवस्था गर्नु, जलविद्युत उत्पादन वृद्धि भई निर्यात हुनु, प्रशारण लाइन निर्माण कार्य अगाडि बढ्नु, सिमेन्टको निर्यात बढ्न थाल्नु, अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपासमा एकद्वार प्रणालीको विकास हुँदै जानु, भन्सारमा स्वचालित प्रणाली लागु भएका कार्यालयहरु विद्युत्तीय भुक्तानीसँग आवद्ध हुनु, विप्रेषण आप्रवाहमा औपचारिक माध्यमको प्रयोग बढ्नु, विप्रेषण खातालाई थप व्याजको व्यवस्था गरिनु, गैरआवासीय नेपालीलाई बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था हुनु जस्ता कारणहरुले बाह्य व्यापार तथा रोजगारीमा सुधार आउने देखिन्छ । साथै, वैदेशिक लगानीमा एकद्वार प्रणाली लागु हुनु, रोजगारी सृजना र उद्यमशीलता विकास गर्न नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम सञ्चालनमा रहिरहनु तथा वाह्य क्षेत्रको चाप समेत क्रमश न्यून हुँदै गएकाले बाह्य तथा रोजगारीको क्षेत्रमा थप सुधार आउने सम्भावना रहेको छ ।

## परिच्छेद ८

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवं कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको विश्लेषण गरिएको छ ।

## ८.१ संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति

आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारले कुल रु.१७ खर्ब ५१ अर्ब ३१ करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु.१५ खर्ब ३० अर्ब २६ करोड बनाइएको थियो (तालिका ८.१) । उक्त बजेटमध्ये आर्थिक वर्ष २०८०/८१ को अन्तसम्ममा रु.१४ खर्ब ८ अर्ब २ करोड खर्च भएको प्रारम्भिक अनुमान रहेको छ । उक्त रकम संशोधित अनुमानको ९२.०१ प्रतिशत हो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०८०/८१ को संघीय बजेटको वार्षिक प्रगति विवरण**

| शिर्षक | बजेट रकम (रु.अर्बमा) | संशोधित अनुमान (रु.अर्बमा) | खर्च (रु.अर्बमा) | खर्च संरचना (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | ११४१.७८ | १००७.४५ | ९५१.६४ | ६५.८४ |
| पूँजीगत खर्च | ३०२.०७ | २५४.१३ | १९१.७५ | १६.६१ |
| वित्तीय व्यवस्था | ३०७.४५ | २६८.६८ | २६४.६३ | १७.५६ |
| **जम्मा** | **१७५१.३१** | **१५३०.२६** | **१४०८.०२** | **१००** |

*स्रोत : अर्थ मन्त्रालय २०८१, महालेखा नियन्त्रक कार्यालय २०८१*

आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेट विनियोजनका लागि स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा देहायका शिर्षकअन्तर्गत रहने गरी कुल स्रोत विनियोजन गरिएको थियो (तालिका ८.२) ।

**तालिका ८.२ : आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक बजेटको स्रोत र खर्चको विवरण**

| विवरण | रकम (रु.अर्बमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी प्रदेश | मदेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
| **कुल स्रोत** | ३६.२४ | ४४.११ | ६२.७१ | ३३.४३ | ४०.४८ | ३३.३८ | २९.२७ |
| आन्तरिक राजस्व | ४.५८ | ४.३८ | २५.१७ | ५.१७ | ९.२४ | ०.८४ | १.५० |
| राजस्व बाँडफाँड | ११.६५ | ११.३८ | ५.२७ | ९.०५ | ११.३२ | ८.८४ | ९.४१ |
| रोयल्टी बाँडफाँड | ०.०० | ०.०० | ०.०० | ०.४१ | ०.२९ | ०.०० | ०.०७ |
| वित्तीय समानीकरण अनुदान | ८.७८ | ७.४२ | | ७.६२ | ८.१५ | १०.१६ | ८.५२ |
| सशर्त अनुदान | ५.८४ | ४.५७ | १७.८१ | ४.९४ | ५.८४ | ४.७५ | ४.५१ |
| समपुरक अनुदान | ०.७३ | ०.९८ | | ०.८४ | ०.८४ | ०.७६ | ०.७७ |
| विशेष अनुदान | ०.७६ | ०.४९ | | ०.७० | ०.५६ | ०.६० | ०.६२ |
| नगद मौजदात | ३.७५ | १२.९० | १४.४५ | ३.०० | ३.०० | ७.४१ | ३.८७ |
| आन्तरिक ऋण | ०.०० | २.०० | ०.०० | १.७० | १.२५ | ०.०० | ०.०० |
| नेपाल सरकारबाट ऋण | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| वैदेशिक अनुदान | ०.१५ | | ०.०० | ०.०० | ०.०० | ०.०२ | ०.०० |
| **कुल खर्च** | ३६.२४ | ४४.११ | ६२.७१ | ३३.४३ | ४०.४८ | ३३.३८ | २९.२७ |
| चालु खर्च | १४.२ | १४.३८ | १९.१३ | १०.६३ | १३.६३ | ९ | ९.६ |
| पुँजीगत खर्च | १८.२३ | २५.७ | ३५.५१ | २०.१९ | २३.२६ | १९.५८ | १७.०२ |

*स्रोत: आ.व. २०८०/८१ प्रदेशगत बजेट वक्तव्य ।*

## ८.२ आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण


अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-७ को दफा-२१ अनुसार *"प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्नेछ "* भन्ने व्यवस्था रहेको छ। सो ऐन अनुसार प्रदेश सरकारले समयमा नै बजेट प्रस्तुत गर्ने गरेका छन्। सोही ऐनमा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। सातवटै प्रदेशहरुले आर्थिक वर्ष २०८१/८२ को लागि कुलमा रु.२ खर्ब ७८ अर्ब ७० करोडको बजेट प्रस्तुत गरेका छन् (तालिका ८.३)।

**तालिका ८.३ : आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत बजेट विवरण**

| प्रदेशको नाम | बजेट (रु.अर्ब) | कुलमा प्रतिशत |
|---|---|---|
| कोशी प्रदेश | ३५.२८ | १२.६२ |
| मधेश प्रदेश | ४३.८९ | १५.७० |
| बागमती | ६४.५४ | २३.०८ |
| गण्डकी | ३२.९८ | ११.७९ |
| लुम्बिनी | ३८.९७ | १३.९४ |
| कर्णाली | ३१.४१ | ११.२३ |
| सुदूरपश्चिम | ३१.६२ | ११.३१ |
| **कुल** | **२७८.७०** | **१००** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*

**चार्ट ८.१ : प्रदेशको एकिकृत बजेटको वार्षिक प्रवृति (रु.अर्बमा)**




*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम प्रदेश सरकारहरुले आर्थिक वर्ष २०७५/७६ देखि राजस्व र व्ययको अनुमान प्रदेश सभामा प्रस्तुत गर्दै आइरहेका छन्। आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारहरुले प्रस्तुत गरेको बजेटको विवरण तालिका ८.४ मा दिइएको छ।

**तालिका ८.४ : आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत बजेटको संक्षिप्त विवरण**

| प्रदेश | कुल बजेट | रकम (रु.अर्ब) | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८१/८२ | चालु | पुंजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण | चालु | पँजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण |
| कोशी | ३५.२८ | १४.२७ | १६.२० | ०.०२ | ४.७८ | ३९.४ | ४४.७ | ०.१ | १३.२ |
| मधेश | ४३.८९ | १२.७६ | २७.८९ | ०.०० | ३.२४ | २८.९ | ६३.२ | ०.० | ७.३ |
| बागमती | ६४.५४ | १७.८० | ३६.९४ | १.५० | ८.३० | २८.४ | ५८.९ | २.४ | १३.२ |
| गण्डकी | ३२.९८ | ११.१५ | १९.५२ | ०.३० | २.०१ | ३३.४ | ५८.४ | ०.९ | ६.० |
| लुम्बिनी | ३८.९७ | ११.२४ | २४.५९ | ०.०० | ३.१४ | २७.८ | ६०.७ | ०.० | ७.८ |
| कर्णाली | ३१.४१ | ७.५८ | १८.७५ | ०.२५ | ४.८३ | २२.७ | ५६.२ | ०.७ | १४.५ |
| सुदूर पश्चिम | ३१.६३ | ११.०७ | १७.५३ | ०.१० | २.९३ | ३७.८ | ५९.९ | ०.३ | १०.० |
| **कुल** | **२७८.७०** | **८५.८७** | **१६१.४२** | **२.१७** | **२९.२४** | **३०.७** | **५७.७** | **०.८** | **१०.५** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*

प्रदेश सरकारहरुले आर्थिक वर्ष २०८१/८२ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको कुल रु.२ खर्ब ७८ अर्ब ७० करोड मध्ये चालुतर्फ रु.८५ अर्ब ८७ करोड (३०.७ प्रतिशत), पूँजीगततर्फ रु.१ खर्ब ६१ अर्ब ४२ करोड (५७.७ प्रतिशत), वित्तीय व्यवस्थातर्फ रु.२ अर्ब १७ करोड (०.८ प्रतिशत), र वित्तीय हस्तान्तरण तर्फ रु.२९ अर्ब २४ करोड (१०.५ प्रतिशत) विनियोजन गरेका छन् ।

**आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारहरुले बजेटमा प्रस्ताव गरेका मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुको विवरण तपसिल बमोजिम रहेका छन् ।**

| | |
|---|---|
| **कोशी प्रदेश** | • स्थानीय संभाव्यता तथा बजार संभाव्यताका आधारमा व्यवसायिक रुपमा फलफूल, चिया, कफी, मह तथा गाईभैंसी, बाख्रा, चौंरी लगायतका अन्य पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण प्रवर्द्धन आदि कार्यमा स्थानीय तहसँग सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने । साथै व्यवसायिक कृषि प्रवर्द्धनका लागि मकै उत्पादन क्षेत्रमा भूमिगत सिँचाई व्यवस्थापन र आधुनिक कृषि यन्त्र उपकरणको प्रयोग बढाउने ।<br>• प्रादेशिक सडक सन्जाल गुरुयोजना कार्यान्वयनमा ल्याई गुरुयोजनामा निर्दिष्ट प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्ग एवम् प्रदेशभित्रका पालिका केन्द्र, धार्मिक सांस्कृतिक तथा पर्यटकीय गन्तव्य स्थल, औद्योगिक क्षेत्र र व्यापारिक केन्द्र जोड्ने सडकलाई विशेष प्राथमिकतामा राख्ने ।<br>• फोहोर व्यवस्थापनको लागि दुई वा दुई भन्दा बढी स्थानीय तहको सहकार्यमा रणनैतिक साझेदारी गरी पूर्वाधार निर्माण गर्न तथा झोलुङ्गे पुलमा आवश्यक प्राविधिक तथा वित्तीय सहयोगको लागि वजेट सहितको व्यवस्था मिलाउने ।<br>• साना किसान लक्षित "सुख्खा राहत स्यालो ट्यूबवेल सिंचाइ विशेष कार्यक्रम" मोरङ, सुनसरी, उदयपुर, झापा र इलाम जिल्लामा नमूना योजनाको रुपमा संचालन गर्ने ।<br>• प्रदेश सरकार, स्थानीय तह, उपभोक्ता र निजी क्षेत्रसँगको सह-लगानीमा स्वच्छ खानेपानी आयोजना कार्यान्वयनका लागि वित्तीय सहयोग जुटाई प्रादेशिक खानेपानी विशेष कार्यक्रम संचालन गर्ने । संघीय, प्रदेश र स्थानीय तहको साझेदारीमा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) कार्यविधि तर्जुमा गर्ने । सार्वजनिक स्थानहरुमा प्रशोधित खानेपानी आपूर्तिको लागि Water ATM Machine/Filter Plant जडानका लागि आवश्यक व्यवस्था गर्ने ।<br>• मेची प्रादेशिक अस्पताललाई उत्कृष्ट सेवा केन्द्र (Center of Excellence) को रुपमा विकास गर्नुका साथै प्रदेश मातहतका पाँचथर, धनकुटा, उदयपुर, संखुवासभा, खोटाङ्ग जिल्ला अस्पतालबाट गुणस्तरिय ICU/NICU सहितको सेवा प्रवाह गर्ने । |

| | |
|---|---|
| | • कोशी प्रदेशको विकासको आधार, सवल पर्यटकीय पूर्वाधार भन्ने मूल मर्मलाई आत्मसात गर्दै संघ, स्थानीय तह र नीजी क्षेत्रसँगको सहकार्यमा संचालन गर्ने गरी प्रदेशभित्रका सम्भाव्य पदमार्गहरु (चियाबारी, फाल्गुनन्द, लाली गुराँस र मुन्धुम) निर्माण गरी पदमार्गमा आधारित पर्यटन विकास आयोजना संचालन गर्ने । तोप्केगोला-लोदिङ क्षेत्रलाई मोटरबाटो रहित पर्यटकीय पदमार्गको रुपमा विकास गर्ने प्रबन्ध मिलाउने ।<br>• समृद्धिका लागि वन व्यवस्थापन भन्ने मूल ध्येयका साथ प्रदेशको अधिकार क्षेत्र भित्रका सबै प्रकारका वनको संरक्षण र दिगो व्यवस्थापन मार्फत वन पैदावारको उत्पादन अभिवृद्धि गरी प्रदेशमा काठको आपूर्ति सहज गराउँदै काठको आयातलाई न्यूनिकरण गर्ने । वन्यजन्तु, वनस्पति र जैविक विविधताको यथोचित संरक्षण, सदुपयोग र दीगो व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिने ।<br>• "व्यवस्थित जलाधार, समृद्धिको आधार" को मर्मलाई आत्मसात गरी समुदायमा आधारित एकिकृत भू तथा जलाधार संरक्षण कार्यक्रम लगायत बहुउपयोगी भूमीगत जल पुनर्भरण पोखरी निर्माण अभियानलाई निरन्तरता दिने । |
| **मधेश प्रदेश** | • "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" भन्ने अभियान सञ्चालन गरी किसानहरुलाई प्राङ्गारिक खेती तर्फ आकर्षित गर्न माटो स्वास्थ्य सुधार र प्राङ्गारिक मल उत्पादन तथा वितरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• पशुहरुमा लाग्ने खोरेत रोगको कारणवाट वर्षेनी पशुधनमा क्षति पुग्ने गरेको तथा दूध मासुको गुणस्तरमा समेत प्रत्यक्ष असर पुर्याएको हुनाले निश्चित स्थानलाई Zoning र Compartmentalization गरी प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्दै प्रदेशमा खोरेत रोग मुक्त क्षेत्र कार्यक्रम सञ्चालन गर्ने ।<br>• मधेश प्रदेशको आठ वटै जिल्लाहरुमा पानीको सतह घट्दै गइरहेकोले उक्त अवस्थालाई मध्यनजर गर्दै भूमिगत जल पुनरभरण र भूमिगत जलस्तरलाई बढाउन चुरे तथा भावर क्षेत्रमा जलाशय निर्माणको कार्यक्रम सञ्चालन गर्ने ।<br>• मुख्यमन्त्री हरित प्रदेश अभियान कार्यक्रमलाई निरन्तरता प्रदान गर्न प्रदेश भित्र रहेका खाली, सार्वजनिक जग्गा, नदी उकास, नहर/सडक किनार लगायतका स्थानहरुमा बहुउपयोगी बोटबिरुवाको बृहत बृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने ।<br>• प्रदेश भित्र र बाहिर सीपमा आधारित रोजगार प्रवर्द्धन लागि "मुख्यमन्त्री रोजगार कार्यक्रम" प्रभावकारी रुपमा संचालन गरिने । यस अन्तर्गत प्रदेश भित्रका विपन्न, गरिब एवंम् सीप नभएकै कारण पछाडि परेका वेरोजगारहरु लाई सिप सहित वस्तुगत टेवा प्रदान गरी स्वरोजगार सृजना गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।<br>• लघु, घरेलु, साना, मझौला उद्यम व्यवसाय मार्फत आन्तरिक स्वरोजगार प्रवर्धन गर्नका लागि प्रदेश सरकारले "मधेश स्टार्टप र नवप्रवर्तन केन्द्र"का लागि कार्यक्रम सञ्चालन गर्ने ।<br>• विक्रम सम्वत् २०८२ लाई "घुमौं मधेश बुझौं मधेश" भन्ने मूल नाराका साथ मनाईने मधेश पर्यटन वर्षको पूर्व तयारीको लागि कार्यक्रम सञ्चालन गर्ने ।<br>• संविधान प्रदत्त आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रत्याभुत गराउन स्वास्थ्य सेवालाई थप विस्तार गर्न "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नाराका साथ पालिकाहरुको समन्यवयमा मधेश प्रदेशका प्रत्येक जिल्लामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि यथेष्ट रकम व्यवस्था गर्ने ।<br>• मधेश प्रदेशमा रहेको उच्च दरको आमा र शिशुको उच्च मृत्युदर न्यूनीकरण गर्न मातृ तथा नवजात शिशु स्वास्थ्य व्यवस्थापन प्रणाली Mother and Child Health Management System (MCHMS) का लागि कार्यक्रम सञ्चालन गर्ने । |
| **बागमती प्रदेश** | • कृषिमा आधुनिकीकरण, व्यावसायीकरण र कृषि उपजको बजारीकरण गरी समग्र कृषि क्षेत्रको रुपान्तरणको लागि संघीय सरकारको २० वर्षे कृषि विकास रणनीति सापेक्ष प्रदेश कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>• "बागमती प्रदेश सरकारको बाचा, दूध उत्पादन र माछा" भन्ने नारालाई आत्मसात् गर्दै दूग्ध व्यवसायमा संलग्न किसानहरुलाई उपलब्ध गराउँदै आएको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित स्थानीय तहवाट कार्यान्वयन गर्ने । |

- "बागमती प्रदेशको सानः मेहनती किसान" भन्ने नारालाई आत्मसात् गर्दै संघीय सरकार र स्थानीय तहसँगको समन्वयमा कृषि पेशामा निरन्तर संलग्न रहेका किसानहरुको सूचीकरण र वर्गीकरण गरी किसानको आत्मसम्मानलाई अभिवृद्धि गर्न प्रदेश सरकारबाट दिइने प्रोत्साहनलाई लक्षित वर्गका किसानहरुसम्म पु-याउने व्यवस्था मिलाउने ।
- "पर्यटन र संस्कृतिः राष्ट्रको समुन्नति" भन्ने मान्यता अनुरुप बागमती प्रदेशलाई आकर्षक पर्यटक गन्तव्यको रुपमा विकास गरी पर्यटकको बसाइ अवधि लम्ब्याउन र प्रति पर्यटक खर्च वृद्धि गर्न पर्यटन पूर्वाधार निर्माण तथा सुधार गर्ने ।
- प्रदेश भ्रमण वर्ष २०२४ को निरन्तरता सहित प्रदेश भित्रका पर्यटकीय गन्तव्य तथा पर्यटन क्रियाकलापहरुको प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने । थप पर्यटकीय गन्तव्य तथा पर्यटन विधाहरुको पहिचान र प्रवर्द्धनको लागि र पर्यटकहरुको यात्रा तथा भ्रमण योजनामा सहजीकरण गर्नको लागि ट्राभल बुक तयार गर्ने । बाह्य पर्यटकको संख्या वृद्धि गर्न छिमेकी मुलुकका प्रमुख सहरहरुमा पर्यटक लक्षित रोड सो, मेला, महोत्सव जस्ता पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।
- स्वदेशमै कमाऔं, स्वदेशमै रमाऔं भन्ने नारालाई आत्मसात् गरी स्वरोजगारका पर्याप्त अवसर सिर्जना गर्न प्रदेशका सबै निर्वाचन क्षेत्रमा सीप, प्रविधि हस्तान्तरण तथा परामर्श सेवासहितको उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गर्ने ।
- युवाका नवीनतम सोचलाई उद्यमशीलतामा रुपान्तरण गर्नका लागि संघीय सरकारसँगको सहकार्यमा बिजनेश इन्क्युबेसन सेन्टर स्थापना गरी सञ्चालन गर्ने । उद्यममा युवाको सक्रिय सहभागिता बढाउन स्टार्टअप र नवप्रवर्तन कार्यक्रमलाई निजी र शैक्षिक क्षेत्रसँग सहकार्य गरी आवश्यक प्राविधिक सहयोग र विउपुँजी उपलब्ध गराउने ।
- प्रदेशमा औद्योगिक प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्न स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह, एक उद्योग ग्राम कार्यक्रमको कार्यान्वयन गरिने र सम्भाव्यता अध्ययन पुरा भइसकेका औद्योगिक ग्रामहरुको पूर्वाधार निर्माण शुरू गर्न आवश्यक व्यवस्था मिलाउने ।
- संघीय सरकारसँगको समन्वयमा उपभोग्य वस्तुको गुणस्तर मापन गर्न हेटौंडामा प्रदेशस्तरीय खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गर्ने । गुणस्तरीय वस्तु तथा सेवाको उपभोक्ता हक सुनिश्चित गर्न उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने । बागमती प्रदेशको ललितपुर जिल्लामा हस्तकला ग्राम स्थापना गरी सञ्चालन गर्ने ।
- स्थानीय तह र सामुदायिक संघ/संस्थाहरूको समन्वय र सहकार्यमा सहरी क्षेत्र, राजमार्गका छेउछाउ, ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय क्षेत्रहरूमा प्लाष्टिकजन्य पदार्थहरूबाट बढ्दो प्रदूषण नियन्त्रणका लागि बागमती प्रदेशमा शून्य प्लाष्टिकजन्य पदार्थ अभियान सञ्चालन गर्ने ।
- संघीय सरकारसँगको समन्वय र सहकार्यमा चालक अनुमति पत्रको स्मार्ट कार्ड छपाई गर्ने मेसिन खरिद गरी स्मार्ट कार्ड छपाई तथा वितरण प्रक्रिया प्रदेशबाटै हुने व्यवस्था गरिने । बागमती प्रदेशको सवारी चालक अनुमतिपत्र स्मार्ट कार्ड छपाई प्रणाली विकासको लागि बजेट व्यवस्था गर्ने ।
- सवारी साधन लगायतका उपकरणहरुमा हरित ऊर्जाको उपयोगिता र प्रयोगको सम्भाव्यता अध्ययन गरिने । स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा प्रदेशका मुख्य शहर र राजमार्गहरुमा विद्युतीय सवारी साधनका लागि चार्जिङ स्टेसन स्थापना गरी सञ्चालनमा ल्याउने कार्यलाई निरन्तरता दिन बजेट व्यवस्था गर्ने ।
- भान्छा नै औषधालय हो, भान्छालाई विषमुक्त बनाऔं भन्ने अभियानका साथ सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- सबैका लागि खेलकुदको अवसर प्रदान गर्न र स्थानीयस्तरमा हुने खेलकुदलाई प्रोत्साहन गर्न खेल पर्यटनको विकास एवम् प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
- बागमती प्रदेश सरकारले सञ्चालन गरेका चेपाङ, बनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम र गरिब तथा विपन्न वर्गका लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिने । रुवी भ्याली एकीकृत विकास

| | |
|---|---|
| | कार्यक्रमलाई निरन्तरता दिँदै मानव विकास सूचकांकमा पछाडि परेका थप स्थानीय तहमा एकीकृत विकास कार्यक्रम विस्तार गर्ने । |
| **गण्डकी प्रदेश** | • माटो परीक्षण तथा मलको गुणस्तर नियमन सम्बन्धी कार्यक्रमलाई थप सघनता तुल्याउन आगामी आर्थिक वर्षदेखि मोबाइल माटो अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>• मध्यपहाडी लोकमार्गले छोएका गोरखाका स्थानीय तहमा नमुना परियोजनाको रुपमा "करिडोर लक्षित बाखा विकास कार्यक्रम" सञ्चालन गर्ने ।<br>• गण्डकी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि गर्न निजी क्षेत्रको सहकार्यमा प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । पर्यटन व्यवसायीसँगको सहकार्यमा विभिन्न पर्यटकीय प्याकेजहरु तयार गरी "पहिले घरदेश अनि परदेश" लाई अभियानको रुपमा सञ्चालन गर्ने ।<br>• पर्यटकीय राजधानी पोखरा र आसपासका स्थानीय तहसँगको सहकार्य तथा सहयोगमा ११ वटा पर्यटकीय स्याटलाइट गन्तव्य Tourism Satellite Destination विकासका लागि बजेट व्यवस्था गर्ने ।<br>• "पदमार्गको संरक्षण-पर्यटनको प्रवर्द्धन" भन्ने अभियानका साथ अन्नपूर्ण, मनास्लु, धौलागिरी, माछापुच्छ्रे, मर्दी लगायतका पदमार्गहरुको संरक्षण, विकास र स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजन गर्ने ।<br>• भूमिगत जल पुनर्भरण तथा वन्यजन्तुको वासस्थानमा पानीको व्यवस्था गर्न "एक सामुदायिक वन एक पोखरी कार्यक्रम" लाई निरन्तरता दिने ।<br>• "डिजिटल गण्डकी बढाउनु छ रोजगारी र समुन्नती" नारालाई मूर्त रुप दिनेगरी युवा तथा विद्यार्थीलाई प्रविधिमैत्री र दक्ष बनाउनका लागि प्रविधिमैत्री सिकाई कार्यक्रम र "फ्राइडे फर फ्यूचर" कार्यक्रमलाई निरन्तरता दिने ।<br>• "उत्पादनसँग युवा अभियान" कार्यक्रम सञ्चालन गरी युवालाई उद्यमशीलतातर्फ प्रोत्साहन गर्न सुरुवाती व्यवसाय गर्न चाहाने युवाका लागि सहुलियत पूर्ण ब्याजदरमा बीउ पुँजी ( Seed Money) उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गर्ने ।<br>• प्रदेश गौरव, प्रदेश लोकमार्ग तथा रणनीतिक महत्वका सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार कार्यलाई तीव्रता दिने । स्थानीय तहको केन्द्र जोड्ने एक निर्वाचन क्षेत्र: एक सडक तथा सडक पुल निर्माणलाई प्राथमिकता दिने ।<br>• प्रदेशभित्र आधारभूत विद्युत सुविधामा सबै नागरिकको पहुँच सुनिश्चितताका लागि उज्यालो गण्डकी प्रदेश अभियानका लागि आवश्यक बजेट विनियोजन गर्ने । आर्थिक वर्ष २०८१/८२ मा नै उज्यालो गण्डकी प्रदेश घोषणा गर्ने ।<br>• गण्डकी प्रदेश सरकारको वित्तीय प्रणालीका सम्बन्धमा आगामी आर्थिक वर्षमा वित्तीय संघीयतामा गण्डकी प्रदेश सम्मेलन आयोजना गर्ने । |
| **लुम्बिनी प्रदेश** | • "किसानको हात: प्रदेशको साथ" को नारालाई आत्मसात गर्दै प्रदेश भित्रका सबै जिल्लाहरुमा बाली एवं वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रमका लागि बाली र पशुपन्छीतर्फ आवश्यक बजेट व्यवस्था गर्ने ।<br>• "स्वस्थ जीवनको आधार: माटोमा सुधार" नाराका साथ माटोमा प्राङ्गारिक पदार्थ वृद्धि गरी दिगो उर्वराशक्ति कायम राख्न माटो व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाउन दीर्घकालीन कार्ययोजना कार्यान्वयनमा ल्याउने । प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्न प्राङ्गारिक जिल्ला घोषणा भएको रुकुम (पूर्वी भाग) मा प्राङ्गारिक उत्पादन, प्रमाणीकरण, बजारीकरण तथा क्षमता विकास गर्दै प्राङ्गारिक कृषि उत्पादनका लागि सम्भावित अन्य क्षेत्रहरुको पहिचान गर्ने ।<br>• "शैक्षिक पूर्वाधारमा सुधार: गुणस्तरीय शिक्षाको आधार" को मान्यता बमोजिम सामुदायिक विद्यालय तथा क्याम्पसको भौतिक तथा प्राविधिक पूर्वाधार विकासलाई प्राथमिकता दिने ।<br>• युवालाई स्वरोजगारतर्फ उन्मुख बनाउनका लागि "केही गरौं र सिकौं भन्ने मान्यता बमोजिम लुम्बिनी प्रदेशस्तरीय "बहुआयमिक अनुसन्धान केन्द्र" स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने ।<br>• "विज्ञानमा लगानी: समुन्नतिको थालनी" भन्ने सपनालाई साकार पार्न विशेष अनुदान तर्फ प्रदेशका १२ ठूला विद्यालयहरुमा विज्ञान शिक्षा विकासका लागि पुर्वाधार विकास |

| | |
|---|---|
| | कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गर्ने ।<br>• "लुम्बिनीका महिलाः आत्मनिर्भरतामा पहिला" नारा सहित महिला उद्यमशिलता बढाउन आवश्यक बजेट विनियोजन गर्ने ।<br>• उद्योग तथा वाणिज्य फर्म दर्ता, नविकरण, खारेजी लगायतका विषयलाई विद्युतीय माध्यमबाट सम्पादन गर्न आवश्यक पर्ने विद्युतीय प्रणालीको विकास गर्ने । "उद्योग तथा वाणिज्य फर्म दर्ता तथा नविकरण वर्ष" अभियानलाई सफल बनाउन वार्षिक नवीकरण हुन नसकेका त्यस्ता फर्महरुले नविकरण शुल्क र जरिवानाको पाँच प्रतिशत रकम बुझाएमा एक पटकका लागि नविकरण हुनसक्ने र नयाँ उद्योग तथा व्यवसायिक फर्महरु दर्तामा लाग्दै आएको शुल्कमा ५० प्रतिशत छुट हुने व्यवस्था गर्ने ।<br>• स्थानीय तहसमेतको समन्वय र सहकार्यमा प्राचीन स्मारक तथा पुरातात्विक एवम् साँस्कृतिक सम्पदा, पर्यटकीय स्थलको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।<br>• पर्या-पर्यटन प्रवर्द्धनका लागि "पर्यटनसँग वन कार्यक्रम" सञ्चालन गर्ने ।<br>• "लुम्बिनी-ढोरपाटन-दुनै-जुम्लाखलङ्गा-रारा-काँक्रेविहार-कोहलपुर-लुम्बिनी" जोड्ने गरी पर्यटकीय मार्ग बुद्ध परिपथ र त्रिवेणी-देवघाट-रुरुधाम-मुक्तिनाथ-दामोदरकुण्ड समेटिएको धार्मिक मार्गको लागि अन्तरप्रदेश समन्वय गरी सम्भाव्यता अध्ययनको कार्य गर्ने ।<br>• विश्वलाई शान्तिको महशुस गराउन भगवान बुद्धले निर्वाणको समयमा भन्नुभएको "जीवनकालमा लुम्बिनीमा कम्तिमा एक पटक पाइला टेक" भन्ने भनाइ सहित लुम्बिनी बौद्ध आर्थिक शिखर सम्मेलनको आयोजना गर्ने ।<br>• बाँदर, बँदेल लगायतका वन्यजन्तुको व्यवस्थापन, वन्यजन्तुबाट प्रभावित समुदायमा कृषि वन तथा आयआर्जनका कार्यक्रम एवं वन्यजन्तुले नरुचाउने प्रजातिका जडीबुटी तथा गैरकाष्ठ प्रजाति रोपण जस्ता विविध कार्यक्रमहरु गर्न "पिडितसँग प्रदेश सरकार कार्यक्रम" मार्फत मानव बन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।<br>• लुम्बिनी प्रदेशमा "एक घरः एक धारा" को संकल्प पूरा गर्न स्थानीय तहसँग सहलगानी/सहकार्यको माध्यमबाट "जनतासँग प्रदेश सरकार खानेपानी विकास कार्यक्रम" सञ्चालन गर्ने तथा सघन खानेपानी विकास कार्यक्रमलाई निरन्तरता दिने ।<br>• "उज्यालो प्रदेश; लुम्बिनी प्रदेश" अभियानलाई निरन्तरता दिन विद्युतको सेवा नपुगेका गाउँहरु तथा अन्तर्राष्ट्रिय सीमा क्षेत्रका बस्तीहरुमा बैकल्पिक ऊर्जाको प्रयोग गरिने । सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, अस्पताल लगायतका सार्वजनिक निकायमा सौर्य ऊर्जा प्रविधि जडान कार्यलाई निरन्तरता दिने । घरायसी बायोग्याँस तथा सुधारिएको चुलो जडान गरी "स्वच्छ भान्छा, आरोग्य जीवन" कार्यक्रमलाई अघि बढाउने । |
| **कर्णाली प्रदेश** | • नवप्रवर्तनकारी प्रेरणा, उद्यमशीलताको जगेर्ना भन्ने मूल नारासहित नवप्रवर्तनकारी उद्यमीलाई व्यवसाय प्रारम्भ र सबलीकरणका लागि प्रविधि सहयोग र क्षमता अभिवृद्धिका लागि उद्यमशीलता एवम् सिप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>• स्वच्छ, सफा र हरियाली सहरः कर्णालीको मानक वीरेन्द्रनगर भन्ने सोचका साथ संघीय सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज र आमनागरिक समेतको सहयोग र सहभागितामा वीरेन्द्रनगर नगरपालिकाको मुख्य सहरी क्षेत्र तथा नदी किनारामा सहरी हरियाली प्रवर्द्धन गर्न प्रदेश राजधानी हरियाली कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गर्ने ।<br>• दिगो वन, समृद्ध जीवन भन्ने सोचको कार्यान्वयन गर्न वन पैदावारको सहज र सरल आपूर्ति तथा राजस्व सङ्कलनमा अभिवृद्धि गर्न दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।<br>• "कर्णालीको साझा सन्देशः बालविवाह, छाउपडी र छुवाछुतमुक्त प्रदेश" भन्ने मूल मान्यताका साथ यस्ता विकृतिपूर्ण सामाजिक तथा सांस्कृतिक मान्यताको अन्त्य गर्न प्रदेश प्रमुख सामाजिक सशक्तीकरण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था गर्ने ।<br>• युवाहरूलाई कृषि पेसाप्रति आकर्षण गर्न "आफ्नो पसिना आफ्नै माटोमा, शिक्षित युवा व्यावसायिक कृषिको बाटोमा" भन्ने नाराका साथ स्थानीय तहसँगको सहकार्यमा स्थानीय |

| | |
|---|---|
| | युवाहरूलाई बाँझो जमिनमा कपास, तरकारी, फलफूल, रैथानेवाली खेती प्रवर्द्धन र व्यावसायिक वाखा तथा भैसीपालनतर्फ आकर्षणका लागि युवाहरूको क्षमता विकास, उत्पादन सामग्री आपूर्ति र सिँचाइ सुविधा उपलब्ध गराउने ।<br>• कर्णालीको पानी, कर्णालीवासीको लगानी भन्ने सोचका साथ जलविद्युत आयोजनाहरूमा प्रभावित स्थानीय र प्रदेशवासी जनतालाई शेयर लगानीका लागि पहल र प्रोत्साहन गर्ने । |
| **सुदुरपश्चिम प्रदेश** | • बैतडीको दशरथचन्द नगरपालिका, दार्चुलाको महाकाली नगरपालिका, डोटीको दिपायल सिलगढी नगरपालिका र कैलालीको भजनी नगरपालिकामा कोल्ड स्टोर निर्माण सम्पन्न गरी हस्तान्तरण गर्ने ।<br>• कोल्ड स्टोर, दुग्ध तथा माछा मासु चिस्यान केन्द्रहरूको विद्युत महशुलमा सहुलियत प्रदान गर्ने ।<br>• उद्यमशीलता सम्बन्धी तालिम लिई उद्योग स्थापना र सञ्चालन गर्न इच्छुक रहेका तथा आर्थिक अवस्था कमजोर भएका उद्यमीहरूलाई प्रविधि हस्तान्तरणका लागि आवश्यक बजेटको प्रबन्ध गर्ने ।<br>• विदेशबाट फर्किएका उद्यम गर्न चाहने युवाहरूका लागि सीप विकास तालिम तथा प्रविधि हस्तान्तरणको लागि आवश्यक बजेट विनियोजन गर्ने ।<br>• प्रदेशको समग्र विकासको लागि मेरूदण्डको रूपमा रहेका रणनीतिक महत्वका खप्तड मार्तडी, सतबाज-श्रीभावर-हाट, चिसापानी-ऋषिदह-बडिमालिका, दैजी-पोखरा-ढुङ्गाड-बझाङ्ग, खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी, दिपायल-साइपाल, सहजपुर-बोकटान-दिपायल, बेलौरी-कलुवापुर-नाइल-बुडर, भजनी-छोटीभन्सार-खेमडी-ठुलीगाड, जयगढ माष्टाना रामारोसन र पाटन-पञ्चेश्वर सडक आयोजना निर्माण गर्ने ।<br>• पथरैया, मोहना जस्ता प्रदेश सरकार अन्तर्गत सञ्चालनमा रहेका ठूला सिँचाई प्रणालीको व्यवस्थापन र नियमित मर्मत सम्भार गरी बाह्रै महिना नहर सञ्चालन गर्ने ।<br>• प्रदेशका नदीहरूमा बाढीको कारणबाट भइरहेको जग्गा कटानलाई नयाँ प्रविधिमा आधारित एकीकृत नदी नियन्त्रण तथा व्यवस्थापन मार्फत सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति र खेतीयोग्य जमिनको संरक्षण गरी जग्गा उकासका नीति अनुरूप सोका लागि आवश्यक बजेट विनियोजन गर्ने ।<br>• सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र अर्काइभिङ्ग गर्ने । यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाई चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र राजस्व भुक्तानी लगायतका सेवाहरू अनलाइन प्रणालीबाट सञ्चालन गर्ने ।<br>• “मेरो स्वास्थ्य: मेरो जिम्मेवारी” भन्ने नारासहित नसर्ने तथा मानसिक रोग न्यूनीकरणका लागि स्थानीय तहसँगको समन्वयमा नसर्ने रोग सम्बन्धी योजना कार्यान्वयन गर्ने । नसर्ने रोग नियन्त्रण र रोकथामका लागि संघ सरकारसँगको समन्वयमा प्रदेश मातहत रहेका नागरिक आरोग्य सेवा केन्द्रहरूलाई थप व्यवस्थित गर्ने । प्रादेशिक अस्पतालहरूमा मानसिक स्वास्थ्य इकाई स्थापनाका लागि आवश्यक व्यवस्था मिलाउने ।<br>• विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि प्रदेश बालकोष स्थापना गर्ने । स्थानीय तहसँगको साझेदारीमा “सानै छु, बढ्न देउ, बाल विवाह होईन, पढ्न देउ” अभियान सञ्चालन गर्ने । |

## ८.३ नेपालको सार्वजनिक ऋणको अवस्था

नेपाल सरकार अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरण अनुसार नेपाल सरकारको ऋणको हिस्सा विगतका वर्षहरुको तुलनामा पछिल्लो वर्षहरुमा बढिरहेको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक ऋण रु.२४ खर्ब ३४ अर्ब ९ करोड पुगेको छ । जसमध्ये रु.११ खर्ब ८० अर्ब ९० करोड आन्तरिक ऋण र रु. १२ खर्ब ५३ अर्ब १९ करोड वाह्य ऋण रहेको छ । आर्थिक वर्ष २०७९/८० मा यस्तो ऋण रु.११ खर्ब ७२ अर्ब ४८ करोड रहेको थियो । आर्थिक वर्ष २०८१/८२ को मसिंर महिनासम्ममा रु.२४ खर्ब ९२ अर्ब ४१ करोड कुल सार्वजनिक ऋण वक्यौता रहेको छ ।

**तालिका ८.५ : नेपालको सार्वजनिक ऋणको अवस्था**

रु.अर्बमा


| आर्थिक वर्ष | आन्तरिक ऋण | बाह्य ऋण | कुल ऋण |
|---|---|---|---|
| २०७७/७८ | ८००.३२ | ९३४.६९ | १७३५.०१ |
| २०७८/७९ | ९८४.२९ | १०२५.८४ | २०१०.१३ |
| २०७९/८० | ११२९.१० | ११७०.३ | २२९९.४ |
| २०८०/८१ | ११८०.९० | १२५३.२० | २४३४.१० |
| २०८१/८२* | १२१७.६६ | १२७४.७५ | २४९२.४१ |

**२०८० मसिंरसम्मको विवरणमा आधारित*

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल ऋण दायित्व २२.२८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ४२.६७ प्रतिशत पुगेको छ। जसमा वैदेशिक ऋण २१.९७ प्रतिशत र आन्तरिक ऋण २०.७० प्रतिशत रहेको छ।

**चार्ट ८.२: नेपालको सार्वजनिक ऋण-कुल गार्हस्थ उत्पादन अनुपात (प्रतिशतमा)**




*स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

## ८.४ अन्य कार्यक्रमको कार्यान्वयन

### प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित, आधुनिक, व्यावसायीक, दीगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ र प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने जस्ता उद्देश्यहरुका साथ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनमा आएको हो। राष्ट्रिय प्राथमिकता, आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको बाली र वस्तुमा तोकिएको न्युनतम क्षेत्र र संख्यामा कृषि उत्पादनलाई प्रोत्साहन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनमा रहेका छन्। न्यूनतम १००० हेक्टर क्षेत्रफलमा सञ्चालन भएको वृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक

केन्द्रका रुपमा सुपरजोन र न्यूनतम ५०० हेक्टर क्षेत्रफलमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु सञ्चालन गरिएको छ। जिल्ला स्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र प्राथमिक उत्पादन इकाईका रुपमा पकेटहरु रहेका छन्। मौरी, च्याउ, हाइटेक ग्रीनहाउस, प्लाष्टिक हाउस र तोकिएको संख्या तथा क्षेत्रफलमा सञ्चालन गरिएको माछापोखरीलाई प्राथमिकतामा राखी न्यूनतम १०० हेक्टर क्षेत्रफलमा सञ्चालित व्यावसायिक कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र न्यूनतम १० हेक्टर क्षेत्रफलमा सञ्चालित साना व्यावसायिक कृषि उत्पादन केन्द्रको रुपमा पकेट सञ्चालन गरिएको छ।

**तालिका ८.६: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लक्ष्य तथा कार्यान्वयन अवस्था**

| विवरण | लक्ष्य | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|
| पकेट | १५,००० | २,०२३ | २,७७६ | ४,३७२ | ६,७४२ | ३२८३ | ८७१० | ८७१० |
| ब्लक | १,५०० | १४६ | ३३६ | ६०६ | १,२२७ | ९९९ | १५८७ | १६६४ |
| जोन | ३०० | ४२ | ७५ | १०६ | १०६ | १७७ | १७७ | १७७ |
| सुपरजोन | २१ | १० | १४ | १६ | १६ | १६ | १६ | १६ |

*स्रोत: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत ५८ कार्यान्वयन इकाईमार्फत् ७७ जिल्लामा १६ सुपर जोन र १७७ जोन सञ्चालनमा रहेका छन्। त्यसैगरी, समीक्षा वर्षमा यस कार्यक्रम अन्तर्गत ८ हजार ७ सय १० वटा पकेट क्षेत्र र १ हजार ६ सय ६४ वटा ब्लक क्षेत्र सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा ब्लकको संख्यामा मात्र वृद्धि भएको छ भने पकेट क्षेत्र, जोन र सुपरजोनको संख्या यथावत रहेको छ (तालिका ८.६)।

आर्थिक वर्ष २०८०/८१ मा परियोजनाको वार्षिक अवधिको एकमुष्ठ भारित प्रगति ८८.७८ प्रतिशत र वित्तीय प्रगति ८०.२५ प्रतिशत रहेको छ। २०७९/८० सम्ममा सबैभन्दा बढी वित्तीय प्रगति गर्ने बागमती प्रदेशको प्रगति ८६.२७ प्रतिशत र कम वित्तीय प्रगति गर्ने लुम्बिनी प्रदेशको प्रगति ६९.४२ प्रतिशत रहेको छ।

# परिच्छेद ९
# आर्थिक परिदृष्य

## ९.१ मूल्य स्थिति

आर्थिक वर्ष २०८०/८१ मा नेपालको औसत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ। विश्व अर्थतन्त्रले भोग्नुपरेको उच्च मुद्रास्फीतिको चाप कम हुँदै गएको, विश्वव्यापी रुपमा इन्धन तथा खाद्य वस्तुको मूल्यमा गिरावट आएको तथा विकसित तथा उदयीमान मुलुकहरुका केन्द्रीय बैंकले अवलम्बन गरेको सहज मौद्रिक नीतिका कारण विश्व अर्थतन्त्रको मुद्रास्फीतिमा सुधार भएकोले नेपालको औसत उपभोक्ता मुद्रास्फीतिमा पनि सुधार आएको हो। चालु आर्थिक वर्ष २०८१/८२ मा समेत विश्व आर्थिक परिदृश्य अनुकुल हुँदै जाने तथा छिमेकी देश भारतमा समेत मुद्रास्फीति कम हुँदै जाने आँकलनको आधारमा चालु आर्थिक वर्षमा मुद्रास्फीतिको दरमा कमी आउने र चालु आर्थिक वर्षको अन्तसम्ममा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति मौद्रिक नीतिले निर्धारण गरेको लक्ष्य बमोजिम ५ प्रतिशतकै हाराहारीमा रहने सम्भावना देखिन्छ।

## ९.२ कृषि उत्पादन

मौसम अनुकुल भई समयमै रोपाइँ भएको, मल बीउ बिजन तथा प्रविधिमा सुधार भएको, सिँचाइ सुविधामा विस्तार आएको, मल तथा कृषि औजारको सहज आपूर्ति हुँदै गएको, नेपाल सरकारले कृषिमा आयात न्यूनीकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याएको, प्रदेश सरकारहरुले समेत कृषिलाई प्राथमिकतामा राखेकाले मुख्य बाली धान सहित अन्य बालीको उत्पादन आर्थिक वर्ष २०८१/८२ मा वृद्धि हुने अनुमान गरिएको छ। साथै, विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक, पकेट, जोन एवं सुपरजोन विकास कार्यक्रम सञ्चालनमा आएको, उन्नत तथा हाईब्रिड जातको तरकारीको बीउ बिजनको प्रयोग बढ्दै गएको, आधुनिक प्रविधिको प्रयोग र सिँचाइ सुविधामा वृद्धि लगायतका कारणहरुले तरकारी उत्पादनमा समेत वृद्धि हुने अनुमान गरिएको छ।

## ९.३ औद्योगिक उत्पादन

बैंकिङ क्षेत्रमा थपिएको तरलता, घट्दो व्याजदर, अन्तर्राष्ट्रिय रुपमा भएको तेल तथा अन्य कच्चा पदार्थको मूल्यमा स्थिरता लगायतका कारण हाल उद्योग सञ्चालनमा केही सुधार आएको अवस्था छ। साथै, सरकारले उत्पादनमूलक उद्योगका लागि लिएको नीतिगत व्यवस्था, उद्योगहरुमा निरन्तर विद्युत आपूर्ति, जुत्ता, मिनिरल वाटर, सिमेन्ट लगायतका उत्पादनको निर्यातमा नगद अनुदान तथा वैदेशिक लगानी प्रतिवद्धता लगायतका कारणले उद्योग क्षेत्र क्रमशः सुधार हुँदै जाने अनुमान गरिएको छ।

## ९.४ सेवा क्षेत्र

बैंकिङ क्षेत्रले सरल ब्याजदरमा लगानी योग्य रकम उपलब्ध गराएका कारण होटल क्षेत्रमा लगानी वृद्धि हुँदै गएको, आन्तरिक तथा बाह्य पर्यटनमा सुधार भई आन्तरिक तथा बाह्य्य पर्यटकको संख्या वृद्धि हुँदै गएको, डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, खुद्रा तथा थोक व्यापार विस्तार भएकाले आर्थिक वर्ष २०८१/८२ मा सेवा क्षेत्रमा सुधार आउने देखिन्छ। साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानको संख्या बढ्दै गएको र थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरु सञ्चालनको क्रममा रहेको सन्दर्भमा आन्तरिक तथा बाह्य्य पर्यटकहरुको संख्या बढ्दै जाने देखिन्छ। त्यसैगरी, जग्गा कित्ताकाट खुकुलो बन्दै गएका कारण घरजग्गा कारोबार पनि आगामी वर्ष विस्तार हुने देखिन्छ।

## ९.५ पूर्वाधार क्षेत्र

निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधीन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरुङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरु तथा सुनकोशी मरिन डाइभर्सन, सिक्टा, बबई, भेरी बबई डाइभर्सन, रानी-जमरा कुलरिया तथा महाकाली लगायतका सिँचाइ आयोजनाहरुको निर्माण एवं विस्तारले आर्थिक वर्ष २०८१/८२ मा समेत तीव्रता पाउने अनुमान गरिएको छ। साथै, सिमेन्ट रड लगायतका निर्माण सामाग्री तथा मजदुरको सहज आपूर्ति, गौतम बुद्ध तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन, प्रशारण लाइनको विस्तार, सुरुङ्गमार्ग निर्माण, सडकको निर्माण तथा स्तरोन्नति लगायतका कार्यहरुले चालु आर्थिक वर्ष २०८१/८२ को आर्थिक वृद्धि बढाउन सहयोग पुग्ने अनुमान छ।

## ९.६ वाह्य क्षेत्र

विप्रेषण आप्रवाह तथा पर्यटन आयमा भएको वृद्धिका कारण चालु खाता, शोधनान्तर स्थिति तथा विदेशी विनिमय सञ्चितिमा सुधार हुँदै गएको छ भने वाह्य क्षेत्र स्थायित्वमा देखापरेको जोखिम कम हुँदै गएको छ। आयात निरुत्साहित गर्न लिइएका नीतिहरु सहज भई वस्तु तथा सेवाको आयातमा सहज हुने अनुमान छ। साथै, मुलुकको आन्तरिक उत्पादन प्रणालीमा सुधार भई व्यापार सन्तुलनमा सुधार आउने अनुमान गर्न सकिन्छ। यद्यपि, सार्वजनिक खर्च व्यवस्थापनमा मितव्ययिता अपनाइएमा दीर्घकालिन रुपमा वाह्य क्षेत्रको सन्तुलन कायम हुने र विदेशी विनिमय सञ्चिति व्यवस्थापनमा सहजता आउन सक्ने देखिन्छ। समग्रमा, विप्रेषण आप्रवाह र आयातको पछिल्लो प्रवृतिलाई हेर्दा आगामी वर्ष बाह्य क्षेत्रमा उल्लेख्य दवाव पर्ने देखिँदैन।

***

## अनुसूची क

## राष्ट्रिय गौरवका आयोजनाको विवरण

| क्र. सं. | आयोजनाको नाम | क्षमता | अवस्थिती | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत रु. करोडमा | हालसम्मको प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| १ | सिक्टा सिँचाइ आयोजना | ४३,००० हेक्टर | वाँके | २०६१/६२ | २०८९/९० | २५०२.०० | ४१.५८ | ४०.६२ |
| २ | बबई सिँचाइ आयोजना | ३६००० हेक्टर | बर्दिया | २०४५/४६ | २०८२/८३ | १८९६.३० | ७२.२२ | ७०.८७ |
| ३ | रानीजमरा कुलरिया सिँचाइ आयोजना | ३८,३०० हेक्टर | कैलाली | २०६७/६८ | २०८०/८१ | २७७०.२४ | ७४.३६ | ७२.३९ |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | १,२२,००० हेक्टर, २८.६२ मे.वा. | बारा, रौतहत, सर्लाही, महोत्तरी, धनुषा | २०७३/७४ | २०८०/८१ | ४६१९.३९ | ३४.४ | ३०.९६ |
| ५ | महाकाली सिँचाइ आयोजना | ३३,५२० हेक्टर | कञ्चनपुर | २०६३/६४ | २०८७/८८ | ३५००.०० | २२.१८ | २२.१७ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ४६.८ मे.वा., करीब ५१,००० हेक्टर | सुर्खेत | २०६८/६९ | २०७९/८० | ३६८०.७७ | ६५.८० | ४९.७ |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ४५६ मे.वा. | दोलखा | २०६७/६८ | सम्पन्न | आयोजना सम्पन्न भईसकेको । | | |
| ८ | बुढीगण्डकी जलविद्युत आयोजना | १,२०० | धादिङ,गोरखा | २०६९/७० | २०८८/८९ | ३९८०२.०० | | १६.५५ |
| ९ | विद्युत प्रसारण आयोजना | २८९ कि.मी प्रशारण लाईन र ३ वटा सब-स्टेशन निर्माण | काठमाडौं, धादिङ, तनहुँ, चितवन, रुपन्देही | २०६७/६८ | २०८४/८५ | ६१२६.०० | ८.८० | ८.८ |
| १० | पश्चिम सेती जलविद्युत आयोजना | १,२०० मे.वा. | डोटी, बैतडी,डडेल्धुरा र बझाङ्ग | २०६७/६८ | यकिन नभएको | १३२०* | आयोजना पूर्व तयारी चरणका कार्यहरु भइरहेको । | |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | | कपिलवस्तु | २०७२/७३ | २०७८/७९ * | ६८२.०० | आयोजना सम्पन्न भईसकेको । | |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | अन्तर्राष्ट्रिय विमानस्थल | पोखरा, कास्की | २०७४/७५ | २०७९/८० | २२००.०० | ९९.६ | ९२.१ |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | अन्तर्राष्ट्रिय विमानस्थल | बारा | २०७१/७२ | २०८५/८६ | १६५००.०० | - | ९.५ |
| १४ | रेल वे तथा मेट्रो विकास आयोजना | रेलमार्ग निर्माण | मेचीदेखि पश्चिम महाकालीसम्म तराइको क्षेत्रमा रेलमार्ग निर्माण | २०६६/६७ | २०८६/८७ ** | ९५५२२.०० | | |
| १४ | पूर्व पश्चिम विद्युतीय रेल मार्ग, बर्दिवास | | | | | | ४५.७० | ४५.५८ |
| १४ | पूर्व पश्चिम विद्युतीय रेल मार्ग, काकरभिट्टा | | | | | | ३.४० | ३.३८ |
| १५ | हुलाकी लोकमार्ग | १५३ कि.मी. सडक कालो पत्रे, ६० वटा पुल | पूर्व देखि पश्चिमको तराई क्षेत्र | २०६६/६७ | २०८०/८१ | ६५२०.०० | ६६.९० | ६२.८ |
| १६ | पुष्पलाल मध्यपहाडी लोकमार्ग | १४१७ कि.मी. | मध्य पहाडका २६ जिल्लाहरू | २०६४/६५ | २०८४/८५ | ८४३३.०० | ७७.३२ | ८१.७७ |
| १७ | उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग | १६२ कि.मी. | | २०६५/६६ | २०८७/८८ | ११९३.०० | | |

| क्र. सं. | आयोजनाको नाम | क्षमता | अवस्थिती | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत रु. करोडमा | हालसम्मको प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| १७.१ | खाँदबारी-किमाथांका सडक | | | | | | ४८.०० | ४६.१ |
| १७.२ | खाँदबारी-किमाथांका सडक (च्याम्ताङ्ग-घोङ्गप्पा खण्ड) सडक | | | | | | ८०.८५ | ८०.६ |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग | २४५ कि.मी | नवलपरासी गुल्मी,वाग्लुङ, म्याग्दि, मुस्ताङ | २०६६/६७ | २०८३/८४ | २४००.०० | | |
| १८.१ | गैडाकोट राम्दी मालढुङ्गा सडक | | | | | | ६५.०० | ५८.८५ |
| १८.२ | बेनी जोमसोम कोरोला सडक | | | | | | ८४.०० | ८४. |
| १९ | उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग | २६८ कि.मी. | कालिकोट, बाजुरा र हुम्ला | २०६५/६६ | २०८४/८५ | ६६६.१९ | | |
| १९.१ | हिल्सा सिमिकोट सडक खण्ड | | | | | | ३०.०० | २५.८३ |
| १९.२ | लालिवगर-दुल्लिकुन्ना खण्ड र घाटपारीचौर-बद्रिगाउँ-भुक्काखोला खण्ड | | | | | | ७२.५६ | ४६.८३ |
| २० | काठमाण्डौ-तराई-मधेश द्रुतमार्ग | ७०.९७७ कि.मी | | २०७३/७४ | २०८०/८१ | १७५१९.३६ | ३५.३८ | ३६.७ |
| २१ | मेलम्ची खानेपानी आयोजना | दैनिक ५१ करोड | सिन्धुपाल्चोक, काठमाण्डौ | २०५५/५६ | २०८०/८१* ** २०८५/८६* | ३१३६.०० | | |
| | मेलम्ची खानेपानी आयोजना (प्रथम) चरण) | | | | | | ९८.४५ | ८९.१५ |
| | याङ्ग्री लार्के नदि डाईभर्सन (दोस्रो) चरण) | | | | | | ८.६७ | ३.८१ |
| २२ | पशुपति क्षेत्र विकास कोष | हिन्दुहरूको अन्तरर्राष्ट्रिय तीर्थस्थल बनाउनु | काठमाडौं | २०७०/७१ | २०७८/७९ | २२७.०० | ८८.०० | ६२.५९ |
| २३ | लुम्बिनी विकास कोष | धार्मिक, सास्कृतिक, पर्या-पर्याटन विकास | कपिलवस्तु, नवलपरासी | २०६९/७० | २०८२/८३ | १३२६.०० | ९५.०० | ९०.५२ |
| २४ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम | चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दिगो व्यवस्थापन | चुरे क्षेत्र पूर्व इलाम देखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा (सुस्ता पूर्व नवलपरासी समेत) | २०७१/७२ | २०९३/९४ | २४९७०.०२ | ९१.८४ | ८९.११ |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*